# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १२ चैत २०७९

# आइतवार

# बैठक सङ्ख्या- १२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:३५ बजे प्रारम्भ भयो ।

(१३:३७ बजे) **सम्माननीय अध्यक्षः**- राष्ट्रिय सभाको बैठकको समय तोकिएको निर्धारित समयभित्र नेपाल सरकारका मन्त्रीहरू बैठक कक्षमा अनिवार्य उपस्थितिको लागि म नेपाल सरकारलाई निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय गंगा कुमारी बेलवासे । समय ७ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:३८ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज एउटा असाध्यै दुःख लाग्दो आन्दोलन छ । यो मिटर ब्याजी सङ्घर्ष समितिको आन्दोलन करिब २० वर्षयता मिटर ब्याजमा पैसा लगाउनेहरू र

अप्ठ्यारोमा परेर आफूलाई घर खर्च चलाउनका लागि महङ्गो ब्याज दरमा ऋण लिनेहरूबिचको सङ्घर्ष आज २० वर्ष ओरपर पुगिराखेको छ । पटक पटक वहाँहरूले आफ्नो विषयहरू उठाउनुभएको छ । अहिले हामी ३ तहको सरकार भनिराखेका छौं । वहाँहरू तीनै तहको सरकारमा पुगिराखुभएको छ । जिल्ला प्रशासनलाई आफ्ना ज्ञापनपत्रहरू दिनुभएको छ । तर पनि मिटर ब्याजमा पैसा लगाउनेहरू मिटर ब्याजीहरू सुदखोरहरू, घुसखोरहरू यत्रतत्र वहाँहरूलाई नै अप्ठ्यारो पार्ने वहाँहरूलाई नै दुःख दिने ढङ्गले आइरहेको आजको अवस्था छ । र हामीले देखिराखेका छौं । पत्रिकाका पृष्ठहरूमा ठुला ठुला फोटोसहित यो अभियानको फोटाहरू छापिएको छ न्युजहरू बनेको छ र त्यहाँभित्रको वास्तविकता यति दर्दनाक छ र त्यसका विरुद्ध आवाज उठाउनेहरू आज यहाँबाट यो पृथ्वीबाट विलोप हुन पर्ने अवस्था भएको छ । यस्तै नाम हो । डाचाराज वाग्ले सर्लाहीबाट यी मिटर ब्याजका पीडितहरूलाई लिएर काठमाडौं आउनुभयो । प्रधानमन्त्रीलाई भेटाउनुभयो तत्कालीन प्रधानमन्त्रीसँग वार्ता भयो पार्टीका नेताहरूसँग वार्ता भयो । केही राहत महसुस गरेर वहाँहरू जिल्ला फर्किनुभयो तर मिटर ब्याजविरुद्धको आन्दोलनमा लागेको कारणले वहाँ एउटा आन्दोलनको कार्यक्रम सकेर घर फर्कँदै गर्दाखेरि बाटामा एउटा दर्दनाक दुर्घटना भयो र त्यो सशङ्कित दुर्घटना छ । छानबिन समिति बन्यो र त्यसले एउटा अशङ्का सिर्जना गर्यो र त्यसका त्यस घटनामा केही अशङ्कित मान्छेहरू पक्राउ परे । तर सत्य तथ्य बाहिर ल्याउन दिइएको छैन । यो घटनाको सत्य तथ्य छानबिन हस् भन्ने पनि म माग गर्न चाहन्छु ।

अर्कोः कुरा के छ भने आन्दोलनकारीहरू माइतीघर मण्डलामा करिब ६० दिनसम्म बस्नुभयो । सङ्घर्ष गर्नुभयो र यही गरेको असोज १ गते मैले मेरै रोहोबरमा गृहमन्त्री बालकृष्ण खाँणसँग एउटा सम्झौता गरेर ५ बुँदे हामीले सम्झौता गर्यौं । सहमति गर्यौं र हामी जिल्लाहरूमा एउटा सर्कुलर गर्ने र मिटर ब्याजीहरूको आन्दोलनलाई एक ढङ्गले अगाडि बढाउने र त्यसलाई एउटा पूर्ण रूपमा समाधान गर्ने ढङ्गले हामीले एउटा सहमति गर्यौं ।

र अर्कोः नेपाल सरकारले एउटा कार्यदल बनायो । सहसचिव भिष्म भुसालको नेतृत्वमा एउटा कार्यदल बनायो र एउटा गहन ढङ्गको त्यसले अध्ययन गर्यो । देशैभरिबाट मिटर ब्याजमा पीडितहरूले निवेदन दिनुस् भनेर निवेदनको माग गरियो । र करिब ३ हजारको निवेदन गृह मन्त्रालयमा आयो । र यो स्थिति आज नेपालमा छ भैराखेको छ । एकातिर सङ्घर्ष चलिराखेको छ । र १० ओटा जति कानुन संशोधन गर्नका लागि त्यो कार्यदलले सिफारिस गरेको छ । कहिले बन्छन् ती पीडितहरूको पक्षमा कानुन? हामीले सरोकार राख्नपर्ने बेला भएको छ । खोज्न पर्ने बेला भएको छ र बोल्न पर्ने बेला भएको छ । लगभग त आज मिटर

ब्याजीहरू महोत्तरीबाट हिंडेर पैदल यात्रा गरेर काठमाडौंमा आउँदै छन् । र भोलिदेखि माइतीघरमा बस्ने छन् भन्ने मैले सुनेको छु । बुझेको छु । त्यसो हुँदाखेरि सरकार सचेत हुनुपर्यो । पीडितको पक्षमा कामलाई अगाडि बढाउनुपर्यो । कानुनलाई अगाडि बढाउनुपर्यो । कानुन नहुँदाखेरि कसरी पीडितहरूको संरक्षण गर्ने हो त्यो कुरामा सरकारले ध्यान दिनपर्यो भन्ने कुरा म राख्न चाहन्छु ।

आज यो मिटर ब्याजीहरूको प्रकृति फेरिएको छ । मिटर ब्याजीहरूले प्रताडना गर्ने तरिका फेरिएको छ । कस्तो तरिका छ भने हिजो तमसुक देखाएर मुद्दा हाल्ने गरिएको थियो । र आज जिल्ला जिल्लामा ती पीडितहरू मुद्दा फैसला भएको छ र पक्राउ पुर्जी लिएर प्रशासन हिंडिराखेको छ । केही पक्रिराखेका छन् । र कसैलाई पक्राऊ पुर्जी अहिले अहिले यतिखेरै जारी गरिएको छ । र यसरी कानुन बनाउन पर्ने यसरी आन्दोलन भएर एउटा सम्झौता भएको मुद्दामा आदालतले अनावश्यक फैसला गरिराखेको छ । तुरुन्तै यी फैसलाहरू रोक्नको लागि म यहाँबाट आह्वान गर्दछु र माग गर्दछु नेपाल सरकारसँग म माग गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, यसरी तमसुकले मात्रै नभएर अहिले यी मिटर ब्याजीहरू के गरिराखेका छन् भने अहिले ती पीडितहरूबाट चेक लिने र चेक बाउन्सको मुद्दा हाल्ने गरिराखेका छन् । त्यसो हुँदाखेरि यो प्रक्रियालाई तुरुन्तै रोकियोस् । अदालतलाई त्यो ढङ्गको निर्देशन दिइयोस् र ती १० ओटा कानुन बन्नुपर्छ भनेर भनेको छ तत्काल सरकारले समस्याको हल खोजोस् र यो कानुन बनाउने प्रक्रियामा सरकार अगाडि बढोस् भन्ने कुरा म माग गर्न चाहन्छु ।

अर्को कुराः के छ भने यतिखेर यो ०७८ सालको जनगणनाको एउटा रिपोर्ट सार्वजनिक भएको छ । यसले के देखाइराखेको छ केही इन्डिकेटरहरू राम्रा छन् शिक्षाको क्षेत्रमा, साक्षरताको क्षेत्रमा हामी अगाडि बढेका छौं त्यस्तै गरेर महिलाको परिवारको नेतृत्व गर्ने तहमा महिलाहरू अगाडि रहेको भन्ने कुरा एउटा रिपोर्ट छ । त्यस्ता केही सकारात्मक पक्षहरू छन् र केही चाहिँ नकारात्मक पक्षहरू छन् भन्ने मलाई लागेको छ । महिलाहरू अहिले धेरैभन्दा धेरै एकल महिलाहरूको सङ्ख्या बढिराखेको छ । दुर्घटनाका कारणले विदेश जानुपर्ने कारणले यी समस्याहरू धेरै देखापरिराखेका छन् र अहिले १० पर्सेन्ट १२ पर्सेन्ट रहेको महिलाहरूमाथि भएको सम्पत्तिको आकडा पनि अहिले .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती" । समय १५ मिनेट । यसपछि माननीय अनिता देवकोटा ।

(१३:४६ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज म यो सभाको विशेष समयमा स्वास्थ्य सरोकारका विषयहरूमा आफ्ना केही विचार राख्न चाहन्छु । स्वास्थ्य स्वस्थ शरीर हरेक नागरिकको लागि पहिलो कुरा हो । स्वस्थ शरीरको लागि नै स्वस्थ नागरिकको महत्त्वलाई स्वस्थ्यलाई महत्त्व राखिरहेर नै नेपालको संविधानको मौलिक हकमा हामीले स्वास्थ्यको हकको व्यवस्था गर्यौं । तर आज दु:खका साथ भन्नुपर्छ । नेपालको स्वास्थ्य प्रणाली कस्तो छ? आज विरामीहरू एउटा अस्पतालबाट अर्को अस्पताल धाउँदा एम्बुलेन्सभित्र विरामीले आफ्नो जीवन सक्नुपर्ने तितो यथार्थ आज नेपालको स्वास्थ्य प्रणालीमा देखिएको छ । स्वास्थ्य प्रणाली व्यवस्था नहुँदा आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था, संघीयता, तीन तहका सरकारहरू यी उपलब्धिहरू आज साँच्चै नेपाली नागरिकले आफ्नो त्यो संविधानमा लेखेको मौलिक हक प्राप्त गर्ने अवस्था बनेको छैन । आज हामीले संविधान र संविधान अनुकूल बनेका कानुनहरूले सरकारका अधिकार क्षेत्रहरूलाई निर्दिष्ट गरेको छ । तर दु:खका साथ भन्नुपर्छ । तीन तहका सरकारहरूको बिचमा समन्वय नहुँदा, सहकार्य नहुँदा आज नागरिकहरूले यो अवस्था बेहोर्नुपरेको छ । नेपालको स्वास्थ्य प्रणालीमा थुप्रै सुधार गर्नुपर्ने छ । आज मलाई लाग्छ । संघीय सरकारअन्तर्गत २१ ओटा संघीयस्तरका अस्पतालहरू छन् । ती अस्पतालहरू पनि नागरिकमैत्री बन्न सकिरहेका छैनन् । विरामीमैत्री बन्न सकिरहेका छैनन् । आज । हिजो एउटा अवस्था थियो ।

(१३:४८ बजे) **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- महामारी सरूवा रोगका कारणबाट नागरिकले जीवन मर्नुपर्ने अवस्था थियो भनी आज थुप्रै दीर्घकालीन प्राणघातक रोगहरू अगाडि बढेर आइरहेको छ । हामीले कुरा गरौं चाहे क्यान्सरका कुरा गरौं, चाहे मृगौलाका कुरा गरौं, चाहे मधुमेहका कुरा गरौं । आज दीर्घकालीन प्रकृतिका रोगहरू लागेर नागरिकहरूले दु:ख पाइरहेको अवस्था छ । तर तहगत सरकारका विभिन्न निकायहरूमा जादाँखेरि जुन एउटा विरामीमैत्री व्यवस्था हुन नसक्दा एउटा नियमित त्यो स्वास्थ्य प्रणाली हुन नसक्दा आज अफ्ठ्यारो स्थिति बेहोर्नुपरेको छ ।

आज वीर अस्पताल जस्तो सरकार नागरिकको पहुँच पुग्नपर्ने वीर अस्पतालमा क्यान्सर रोगीहरूलाई गरिने रेडियो थेरापी मेसिन बिग्रेको मलाई लाग्छ । तीन वर्ष भयो । आज तीन

वर्षदेखि बिग्रिएको रेडियो थेरापी मेसिनको मर्मत गर्न सकेको छैन । नयाँ खरिद गर्न सकेको छैन । आज दुःखका साथ भन्नुपर्छ । छिमेकी मित्र राष्ट्र चीनले बनाइदिएको सम्मानित नेताको नाममा सञ्चालित वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा छ । त्यो अस्पतालमा साँचै क्यान्सर रोगको पहिचान गर्ने पेट स्क्यान मेसिन छैन । भरतपुरमा पनि छैन । भक्तपुर क्यान्सर अस्पतालमा पनि छैन । मलाई लाग्छ, संघीय सरकारका कुनै अस्पतालहरूमा छैन । आज यति धेरै प्रविधि, विकास भइसक्दा रोगको पहिचान गर्ने अत्याधुनिक प्रविधि नहुँदा आज हामी अन्धधुन्ध रूपमा विरामीहरूको उपचार गरिरहेका छौं । यही कारणले आज हजारौंको सङ्ख्यामा विरामीहरू छिमेकी देशमा उपचार गर्न गइरहँदा आज नेपालको कति पैसा? आज छिमेकी देशमा गइरहेको छ? आज के वर्तमान सरकारलाई थाहा छ? हेक्का छ? नागरिकको स्वास्थ्यमाथि चासो छ? सरोकार छ? म भन्न चाहन्छु । सरकार नागरिकप्रति जवाफदेही हुनुपर्यो, उत्तरदायि हुनुपर्यो । सरकार संसदप्रति उत्तरदायि हुनुपर्यो, जवाफदेही हुनुपर्यो । आज सरकार संसदप्रति जवाफदेही नहुँदा आज आधा घण्टा बढी समय हामी सांसदहरूले बैठकको लागि समय व्यथित गर्नुपर्यो । यो महत्त्वपूर्ण समयमा हामी अरू विषयमा छलफल गर्न सक्थ्यौं, अध्ययन गर्न सक्थ्यौ । बैठक कुरेर बस्नुअवस्था भएर । आज विरामीहरू चाहे वीर हस्पिटल जाऔं चाहे अरू सरकारी हस्पिटल जाऔं । सरकारी अस्पतालतिर विरामीको चाँप छ सेवासुविधा छैन । आज सरकारी अस्पताल धराशायी बन्दै छ । सँगसँगै निजी अस्पतालहरू आज फस्टाइरहेका छन् । के कारणले निजी अस्पताल फस्टाइरहेका छन् ? योतर्फ सरकारले विचार गरेको छ?

मलाई अर्को एउटा अचम्म लग्यो । सुर्तीजन्य पदार्थ, मादक पदार्थबाट झन्डै पाँच अर्ब राजस्व सङ्कलन हुँदोरहिछ । त्यो पाँच अर्ब राजस्वको चालिस करोड रूपैया मात्रै स्वास्थ्य क्षेत्रमा खर्च हुँदोरहेछ । त्यो पनि उपचार, निदानको लागि रोकथामको लागि हैन । कर्मचारी व्यवस्थापनको लागि । यसबाट पनि पुष्टि हुन्छ कि नेपाली जनताको स्वास्थ्यमा सरकार सम्बन्धित निकाय, निकाय कति जवाफदेही छ ? कति चासो राखेको छ ? कति सरोकार राखेको छ ? किन भने आज त्यही सुर्तिजन्य पदार्थबाट चाहिँ नागरिकको स्वास्थ्यमा गम्भीर प्रकृतिका रोगहरू लागि रहेको छ । त्यो वापत उठेको रकम नागरिकको स्वास्थ्यको क्षेत्रमा, उपचारको क्षेत्रमा, निदानको क्षेत्रमा, पहिचानको क्षेत्रमा अथवा अत्याधुनिक उपकरणको क्षेत्रमा किन खरिद हुन सकेको छैन? आज टेन्डर हुन्छ । विभिन्न मेसिनहरू खरिदको लागि टेन्डर हुन्छ । टेन्डर आह्वान हुन्छ । टेन्डरमा विवाद हुन्छ । किन सरकारले सरकारी माध्यमबाट

यस्ता नागरिकका जीवन रक्षा गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरू खरिद गर्न किन लागिरहेको छैन?

हामीले कोभिडजस्तो महामारीलाई पनि हामीले भोगेर अगाडि बढ्यौं । कोभिड सङ्क्रमण सुरु भइरहँदा हाम्रो नेपालको स्वास्थ्य प्रणाली कुन अवस्था थियो? र आजबाट हामी त्यो अवस्थाबाट अगाडि बढ्दा थुप्रै संरचनाहरू विकास भयो तर हामीले सुनिरहेका छौं । कोभिडका बेलामा प्रयोग भएका थुप्रै उपकरणहरू अहिले थन्काइएको छ । बेकाम बनाइएको छ । त्यसको सही सदुपयोग हुन सकिरहेको छैन । हिजो त्यो महामारीका बेलामा सुरु गरिएका होल्डिङ्ग सेन्टरलगायत थुप्रै अरू त्यो प्रयोजनका लागि सञ्चालन गरेका संरचनाहरू आज कामविहीन भएको अवस्था छ ।

यसले गर्दा मैले यो हाउसमा सङ्घीय मामिला मन्त्रीज्यूको उपस्थित भइरहँदा यहाँले सङ्घीय मामिला मन्त्री सम्हालिरहँदा हामीले संविधान जारीपछि तीन तहको सरकारलाई समन्वय र सहकार्य गर्नको लागि कानुन जारी गर्‍यौं सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तरसम्बन्ध बिच व्यवस्थापन गर्न बनेको बिधेयक ऐनको रूपमा जारी भयो । त्यसमा थुप्रै सहकार्य र समन्वयको व्यवस्थाहरू गरिएको छ । त्यो व्यवस्था गरिएका त्यो ऐनअन्तर्गत गर्नुपर्ने थुप्रै संरचनाहरू भएका संरचनाहरू कार्यान्वयन हुन सकेका छैन । प्रधानमन्त्रीको नेतृत्वमा भएको संरचना, अर्थमन्त्रीको नेतृत्वमा भएको संरचना अथवा तहगत सरकारको बिचमा देखिएका धेरै सवालहरू, मन्त्रीस्तरमा समितिहरू निर्माण गर्ने, विषयगत समितिहरू निर्माण गर्ने व्यवस्था हामीले त्यो ऐनमा गर्‍यौं । हामी नयाँ संरचनामा गइरहँदा थुप्रै सहकार्य र समन्वयका कुराहरू आउन सक्छन् । त्यसका लागि विषयगत समितिको व्यवस्था गर्‍यौं । स्वास्थ्यसँग सरोकार राख्ने विषयमा स्वास्थ्य मन्त्रीको अध्यक्षतामा त्यो समिति निर्माण हुन्छ । अथवा थुप्रै जुन जुन समस्याहरू आउँछन् । त्यो समस्यामा हामी त्यो सम्बन्धित मन्त्रीज्यूको अध्यक्षतामा बन्ने समितिले तीन तहको बिचमा जुन खालको समिति निर्माण भएर समस्या पहिचान समाधान गर्नका लागि हामीले व्यवस्था गर्‍यौं । तर मलाई लाग्छ ती समितिहरू निर्माण नहुँदा भएका समितिहरू कार्यान्वयन हुन नसक्दा आज हामीले परिकल्पना गरेको सम्मानपूर्वक बाँच्न पाउने नागरिक हक कार्यान्वयन हुन सकेको छैन । त्यसैले म विशेषतः यो ऐनलाई कार्यान्वयन भा'को छ कि छैन? विशेषत् यो मन्त्रालयसँग जोडेको विषय भा'को हुनाले यसतर्फ हेर्नको लागि पनि म अनुरोध गर्छु ।

अर्को कुरा हामी हिजो एकात्मक सरकारमा हुँदा पनि अन्तरमन्त्रालयबिचको समन्वयको अभाव देख्थ्यौं । आज तीन तहको सरकारको बिचको एकातिर सहकार्य र समन्वयको कुरा छ भने अर्को सङ्घीय सरकारकै बिचकै अन्तरमन्त्रालयबिचको समन्वय अभाव देख्छौं ।

आज स्वास्थ्यको कुरा गरिरहँदा Food and Drug Administration कानुन अति आवश्यक हो । यो कानुन निर्माण गर्नुपर्छ र यो कानुन कार्यान्वयन गर्नका लागि सरकारको विगत वर्षदेखि नीति कार्यक्रममा लगातार आइरहेको छ । यसमा कृषि मन्त्रालयको पनि सहकार्य आवश्यक छ, स्वास्थ्य मन्त्रालयको आवश्यक । यो कानुन निर्माणमा कृषि मन्त्रालयले नेतृत्व गर्ने कि? स्वास्थ्य मन्त्रालयले नेतृत्व गर्नी भन्ने हानथापको कारण लामो समयदेखि यो विधेयक निर्माण हुन सकेको छैन । अति आवश्यक जनताको स्वास्थ्यसँग जोडिएको विषय भएर पनि यो कानुन बन्न सक्ने अवस्था भ'को छैन ।

अर्को कुरा जनताको सरोकारसँग जोडिएको स्वास्थ्यसँग जोडिएको ..... स्वच्छ वातावरणको कुरा हो । आज स्वच्छ सहरको मापदण्ड हामीले अवलम्बन हाम्रो प्रतिबद्धता छ । अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि छ । हामी स्वच्छ सहर के हो? स्वच्छ सहरको मापदण्डमा हामीले प्रतिबद्धता जाहेर गरेर पनि स्वच्छ सहर निर्माण गर्नका लागि भौतिक पूर्वाधार मन्त्रालय पनि सहकार्य राख्ला? स्वास्थ्य मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राख्ला, वन तथा वातावरण राख्ला, स्थानीय तहहरूले राख्ला । आज त्यो तहगत सरकार र अन्तरमन्त्रालयको बिचको समन्वय नहुँदा एकातिर वन, वातावरण मन्त्रालय छ । अर्कोतिर सहरी विकास मन्त्रालय छ, अर्कोतिर स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय छ ।

यसरी एकतातिर आफ्नै आफ्नै धुन र तालमा गइरहँदा एउटै लय र ताल नहुँदा स्वास्थ्यसँग सम्बन्धित सहकार्य र समन्वयमा बन्नुपर्ने कानुन बन्न सकेको छैन । बन्नुपर्ने नियम, नीति, योजनाहरू बन्न सकेको छैन । आआफ्नै तालमा आज हामीले भौतिक पूर्वाधारको कुरा गरिरहँदा, सडक सञ्जालको कुरा गरिरहँदा, भवन निमार्णका कुरा गरेर हामीले वर्षौं वर्षदेखि सडक निर्माणका लागि टेन्डर खुल्ला गर्छौं । तोकिएको समयमा काम हुँदैन । काम नहुँदा फेरि एकतिर राज्यको खर्च त बढ्यो बढ्यो । जनताले दुःख र सास्ती त पायो पायो । त्यो सडक नबन्दा त्योबाट भएको प्रदुषणबाट जनताको सरोकार, जनताको स्वास्थ्यको सरोकार कसले हिसाब गरेको छ? आज सडकको छेउमा राजमार्गको छेउमा बस्नी नागरिकको त्यो वर्षौंदेखि धुलो, हिलो र मैलो त्यो फोहर वातावरणले उसको जीवनमा पर्ने दीर्घकालीन स्वास्थ्यमा पर्ने हिसाब राज्यसँग छ? मलाई लाग्छ छैन । त्यसो भा'को हुनाले आज हामीले जसरी राष्ट्रिय सहमतिका हिसाबले, एउटा सम्झौताको हिसाबले संविधान निर्माण गर्यौं । संविधानमा धेरै कुरा

राख्यौं । नागरिकका मौलिक हकको व्यवस्था गर्‍यौं । आज त्यो मौलिक हक हनन् हुँदा त्यो मौलिक हक उल्लङ्घन हुँदा नागरिकले न्यायका लागि जाँदा के राज्य त्यसलाई परिपूरण र त्यसलाई पूरा गर्नसक्षम छ? मलाई लाग्छ राज्यले, सरकारले त्यो दिशातर्फ त्यो ध्यान दिइरहेको छैन । त्यो नहुँदाखेरि आज नागरिकहरू एकातिर नागरिकहरूको चाहिँ जीवनस्तर कष्टकर छ । अर्कोतिर विरामीहरूको ।

अर्को एउटा विषय म उठाउँन चाहन्छु । यो अस्पतालहरू एउटा अस्पतालमा गयौं । त्यो अस्पतालमा उपचार नभइसकेपछि आर्को अस्पताल Refer Center को जुन चाहिँ एउटा Concept हो त्यो व्यवस्थित छैन । त्यो व्यवस्थित नहुँदा विरामीले त्यो अस्पतालमा सेवा सुविधा नपाइरहँदा उपचार नपाइरहँदा त्यो अस्पतालको दायित्व हो कि होइन? अब आर्को कुन अस्पतालमा त्यो विरामीको उपचार हुन्छ । त्यो रोगको उपचार हुन्छ भनेर सिफारिस गर्दैनी, सुझाव दिनी त्यो अस्पतालको दायित्व हो कि होइन? त्यो दायित्वसम्बन्धी अस्पतालले नगर्दा अर्को अस्पतालमा जाँदा फेरि बाटैमा विरामी मर्नुपरेर र अर्को अस्पतालमा जाँदा सुरुबाट फेरि जाँच पहिचान गर्नुपर्ने थुप्रै स्रोतहरू अथवा विरामीको नागरिकको चाहिँ अनावश्यक खर्चहरू भएर यसले चाहिँ संस्थागत हाम्रो Institutional Memory नहुँदा फेरि संस्थागत संरचना नहुँदा सूचना प्रणाली व्यवस्थित नहुँदा फेरि आर्कोतिर खर्च पनि विरामीहरूले बेहोर्नुपरिरहेको अवस्था छ ।

यसले आज मैले यो विषय किन उठाइरहेको छु भने हामीले विगतमा विभिन्न निकायहरूसँग छलफल गर्दा, बहस गर्दा फेरि अथवा संविधान र कानुनमा नागरिकको हकलाई प्रत्याभूत गरेका कुरा साँच्चै कानुन भनेको त कार्यान्वयनको लागि होला नि? कानुन जनताको कार्यान्वयनको लागि बनाउँछ भने हामीले बनाएको कानुन कार्यान्वयनयोग्य गर्नको लागि कार्यान्वयन हुनको लागि हामी कानुन बनाउछौं । कानुन कार्यान्वयन नहुँदा त्यसले परेको असर त्यसको प्रभाव त्यसको दुर्गामी असर त्यसले भविष्यमा आउन सक्नी समस्याहरूको बारेमा पनि राज्य बेखबर हुन मिल्दैन । राज्य त्यसको सूचनामा हुनुपर्छ, राज्य त्यसको जानकारीमा हुनुपर्छ भन्ने कुरा पनि म विशेष जोड दिन चाहन्छु । हामीले यही सङ्घ, प्रदेश र स्थानीय तहको यही ऐनमा भनेका थियौं । हामीले जारी गरेका कानुन कार्यान्वयन भ'को छ कि छैन? कानुन कार्यान्वयन गर्नका लागि यसले अध्ययन गर्ने सक्नी व्यवस्था गर्न पनि हामी यो ऐनमा राख्यौं । आज थुप्रै मलाई लाग्छ । साढे तीस सयको हाराहारीमा सङ्घीय संसदले बनाएका ऐनहरू हामी छौं । त्यो ऐनहरूको कार्यान्वयनको अवस्था के छ? हामीले त्यतातर्फ ध्यान दिएका छौं? कानुनको अज्ञानताक्षम्य हुँदैन भनेर हामीले एकातिर भनिरहेका छौं भने अर्कातिर हामीले बनाएका कानुन कार्यान्वयनको अवस्था कतै घर्रातिर, दराजतिर थन्किरहेका छन् कि त्यो कार्यान्वयन छ?

भन्ने कुरा त्यसको अध्ययन गर्नुपर्ने । कानुन निर्माण गरिरहँदा विगतमा भएका कानुनका प्रभाव र असरहरूको पनि हामीले मूल्याङ्कन गर्नुपर्ने त्यो व्यवस्था पनि हामीले गर्यौं । तर मलाई लाग्छ, त्यतातर्फ पनि सरकार गम्भीर हुन सकेको छैन । संवेदन हुन सकेको छैन । आज मैले यो विषय उठाइरहँदा मुख्यतः स्वास्थ्यसँग जोडिएका यी विषय ।

अर्को एउटा कुरा पनि म जोड्न चाहन्छु । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले छ महिनाभन्दा लामो समयदेखि स्वास्थ्यसम्बन्धी एउटा रणनीति बनाएर क्याविनेटमा पठायो । छ महिना बितिसक्यो त्यो रणनीति पास नहुँदा, हुन सकेको छैन । यसबाट पनि देखिन्छ । नेपाली जनताको नागरिकको स्वास्थ्यप्रति सरकार संवेदनशील छैन, जवाफदेही छैन । सरकार क्याबिनेटबाट त्यो रणनीति पास नहुँदाखेरि आज सङ्घीय सरकारका अस्पतालहरूले दिने सेवा सुविधा तहगत प्रदेश सरकारले दिनुपर्ने सुविधाहरू र स्थानीय तहले दिनुपर्ने सुविधाहरूको बिचमा पनि अन्योलता छाएको छ । त्यसैले मैले यो विषय आज जनताका सरोकारका विषय उठाइरहँदा छ महिनाभन्दा लामो समयदेखि मन्त्रिपरिषद्मा अड्किएको त्यो स्वास्थ्यसम्बन्धी रणनीति तत्काल पास, पारित गरेर स्वास्थ्य क्षेत्रमा देखिरहेका अहिले पनि जुन स्वास्थ्य क्षेत्रमा देखिएको जनशक्तिको अभाव छ, कमी छ यसलाई अन्त्य गर्नको लागि म ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा । समय ७ मिनेट ।

(१४:०१ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको यो बैठकमा भाग लिँदै गर्दा यो अधिवेशन विधेयक अधिवेशन पनि हो । यो वर्ष निर्वाचनको वर्ष बन्न गयो । त्यसैले निर्वाचित हुने सबैप्रति म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हामीले निर्माण गरेको संविधान, संविधान निर्माण गरिसकेपछि २०७४ र २०७९ मा हामीले दुइटा सङ्घ, प्रदेश र स्थानीय तह सबै तहका निर्वाचनहरू सम्पन्न गरेका छौं । व्यवसथा बदल्यौं सम्माननीय अध्यक्षज्यू, नागरिकको अवस्था बदल्न सकेका छैनौं । भर्खरै सरकारले विश्वासको मत लिएको छ । सरकार बिस्तार हुने क्रममा छ । त्यसले नागरिकलाई केन्द्रमा राखेर सरकारले आफ्ना कार्यक्रमहरू ल्याउनुपर्छ भन्ने मलाई लाग्छ । आज को सरकारमा छ, को सरकारमा छैन? अथवा को प्रधानमन्त्री भयो? को प्रधानमन्त्री भएन? यो महत्त्वपूर्ण विषय होइन । नागरिकले पाउने सेवा सुविधाहरू, नागरिक केन्द्रित हुन सकि कि सकिनन्? मुख्य

सवाल यहाँनेर छ । त्यसैले म सम्मानित सभाका माध्यमकबाट सरकारलाई के आग्रह गर्न चाहन्छु भने अब सरकारले यो र त्यो बहानामा चुक्ने छुट अब सरकारलाई छैन । नागरिकलाई केन्द्रविन्दु राखेर सेवा डेलिभरी गर्ने कुराहरूमा अत्यन्त सजकताका साथ सरकार अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्दछ ।

भर्खरै भक्तपुरको मा.वि. मा, बागेश्वरी मा.वि. मा मा.वि. पढेर बिदाइ हुँदै गर्दा बच्चाहरूले आफ्नो सर्टमा अब खाडीमा भेटौँला हैं भन्ने सर्टमा लेखेको त्यो हरफले मलाई अत्यन्त स्तब्ध बनाएको छ । यो नेतृत्वप्रतिको असन्तुष्टि, देशप्रति भरोसा नभएको कुरा र एउटा निराशापूर्ण अबका युवाहरूले हाम्रो मुलुकमा हाम्रो भविष्य छैन भन्ने कुरा यो निराशा सङ्केत हो भन्ने मलाई लाग्छ । त्यसैले यस्ता कुराहरूलाई हामीले समयमै सम्बोधन गर्न सकेनौं भने यसले फेरि भयावह रूप लिन्छ भन्ने मलाई लाग्छ ।

कोभिडले थिलो थिलो परेको मुलुक अझ पनि आर्थिक लयमा फर्किन सकेको छैन । हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू सम्पन्न हुन सकेका छैनन् । हामीले संविधानमा प्रदत्त गरेका हाम्रा अधिकारहरूलाई कानुन निर्माण गर्ने कुराहरू, नागरिकता विधेयक, २०६३ अझै संशोधन हुन सकेको छैन । कैयौं नागरिकहरू अनागरिक भएर बस्नुपर्ने तीतो यथार्थ हामीले भोगेका छौं । हामीले देखेका छौं, हामीले सुनेका छौं किनभने नागरिकता एउटा त्यस्तो दस्तावेज हो जसले सबै राजनीतिक, आर्थिक, सांस्कृतिक क्रियाकलापको लागि अत्यन्त महत्त्वपूर्ण हुने दस्तावेज, नागरिक भएर अनागरिक बस्नुपर्ने अवस्थाबाट कस्तो उनीहरूलाई प्रभाव परेको होला? भन्ने कुराहरू पनि हामीले बुझ्नु जरुरी छ । त्यसैले सम्मानित सभाका माध्यमबाट म के आग्रह गर्न चाहन्छु भने संविधानमा हामीले सङ्घीय कानुन निर्माण गर्ने कुराहरू संविधानमा हामीले लिपिबद्ध गरेका छौं । ती कानुनहरू कति? P-1. पहिलो प्राथमिकताका आधारमा कति कानुनहरू निर्माण गरिसक्नुपर्छ? P-2, दोस्रो प्राथमिकतामा कति कानुनहरू निर्माण गर्नुपर्छ? P-3, कसरी तेस्रो प्राथमिकतामा कसरी कानुनहरू निर्माँण गर्नुपर्छ भन्ने कुरा वर्गीकरण गरौं । र समयमै मौलिक हकबाहेकका कुरा विशेष हकका कुराहरूलाई कानुन निर्माण गरेर हामीले कानुन बनाउनुपर्ने अहिलेको आवश्यकता छ । यतातर्फ यो विधेयक, अधिवेशन त्यतातर्फ उन्मुख नभएको मलाई महसुस भएको छ । त्यसैले त्यतातर्फ उन्मुख हुनको लागि म आग्रह गर्न चाहन्छु । म अनुरोध गर्न चाहन्छु ।

हामीले भर्खरै राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन भयो । राष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग वा समुदाय "वा" ले महिलाको हकलाई कुण्ठित बनाएको छ । संविधान संशोधन गरेर फेरि फरक लिङ्ग र समुदाय भन्ने कुरा त्यहाँ समावेशन गर्न जरुरी छ । अहिले हाम्रा राष्ट्रपति,

उपराष्ट्रपति, सम्मानित व्यक्तित्वहरू निष्ठाका आधारमा, लोकतन्त्रका आधारमा, लोकतन्त्रको लागि सधैं सङ्घर्ष गरेका रामचन्द्र पौडेलजस्ता राष्ट्रपति हुनुभा'को छ । हामीलाई गर्व छ । तर उपराष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग वा समुदाय वा भन्ने गर्दा छिद्रबाट फेरि त्यहाँ खेल्ने प्रयत्न भयो । त्यसैले त्यस्ता कुराहरूमा पनि अब कानुन निर्माण गरेर संशोधनका माध्यमबाट हामीले अगाडि बढाउनुपर्छ भन्ने मलाई लाग्दछ । त्यसै गरी म यो सभालाई, राष्ट्रिय सभाको ध्यान दाङतर्फ केन्द्रित गर्न चाहन्छु । एशियाकै ठुलो, दोस्रो ठुलो उपत्यकाको रूपमा रहेको दाङ्ग हवाईमार्ग, दाङ्ग तुलसीपुर टरिगाउँ एयरपोर्ट स्तरउन्नति नहुँदा त्यहाँका जनताहरूले हवाई मार्गबाट पाउने सुविधाबाट वञ्चित भएका छन् । त्यसैले त्यो टरिगाउँलाई स्तरउन्नति यो राष्ट्रिय सभाका माध्यमबाट सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसै गरी घोराही तुलसीपुर सडक खण्ड फोर लेनको सडक एक वर्षमा सम्पन्न हुने सडक पाँच वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन । २२ जनाको ज्यान गइसकेको छ । त्यो सडक अब ज्यानमारा सडक नामाकरण गरे हुने अवस्थामा छ । सरकार किन मौन छ? सम्बन्धित निकाय किन मौन छ? यसको चुरो कहाँ छ भनेर म यस सभाका माध्यमबाट सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसै गरी घोराही कमिरेचौर हुँदै मुर्कुटी हुँदै प्युठान जोड्ने बाटो अस्तव्यस्त छ । त्यो पहाडी जिल्लासँग दाङ्गको घोराहीलाई व्यापारी केन्द्रका रूपमा जोड्ने सडक पनि हो । त्यसैले त्यो सडक अस्तव्यस्त सडकलाई समयमै सम्पन्न गरेर दाङ्गको भविष्य, घोराहीको भविष्यलाई सुदृढ गर्नको लागि यो सम्मानित सभाका माध्यमबाट म अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी नारायणघाटदेखि बुटवलसम्मको सडक यो महेन्द्र राजमार्ग यो सबै यातायात पूर्व-पश्चिमको यातायातको रूपमा रहेको, २७ पर्सेन्ट मात्रै यसको काम सम्पन्न भएको छ । अब अरू कामहरू अत्यन्त धिमा गतिमा छ । त्यसैले समयमै सम्पन्न भएर यो मेरुदण्डको रूपमा रहेको सडक समयमै सञ्चालन होस् भनेर म .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई । यसपछि माननीय बामदेव गौतम । (एक्लैछिन) समय ६ मिनेट ।

(१४:०९ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- अध्यक्ष महोदय, यो देशमा रोजगारीको सम्भावना मलाई भेटेपछि आज रोजगारी

खोज्दै र आफ्नो भविष्य खुसीका साथ बिताउने सपना बोकेर यो देशका हजारौं युवाहरू वैदेशिक रोजगारमा विदेश पलाएन हुने कुरा हामी सबैलाई थाहा छ । र अहिले यो नेपाल सरकारले स्वीकृत दिएका पनि जम्मा ४७ लाखभन्दा धेरै वैदेशिक रोजगारमा नेपालीहरू रहेका छन् । र आज दिन प्रतिदिन हजारौं सङ्ख्यादेखि १५ सय सङ्ख्यासम्म त्रिभुवन विमान स्थलमा लाइन लाकेको हामीलाई थाहा छ । र आज साँच्चिकै भन्ने हो भने आज ती युवाहरू आज आकासबाट जाने र बाक्सबाट फिर्ने यो अत्यन्त दुःखद् घटना हामी सुन्दै आएका छौं । र त्यो लाससम्म ल्याउन सक्ने स्थितिमा पनि हामी धेरै मिहिनेत गर्नुपर्ने छ ।

त्यसकारणले अझ यो गम्भीर भएर सरकारले सोच्न पर्ने अवस्था छ । र यति बेला जुन एक महिनाको स्वीकृत गरेर त्यहाँ पुगिसकेपछि हामी धेरै वर्षको लागि काम दिन्छ भन्ने एउटा जुन एउटा लाभान्वित गरेर पुऱ्याइन्छ । तर त्यहाँ गइसकेपछि उनीहरू अलपत्र परेको स्थिति छ र आज त्यो कुरा सरकारलाई पनि थाहा छ र वैदेशिक रोजगार विभागलाई पनि राम्रै थाहा छ र हजारौं युवाहरू आज त्यहाँ सम्झौताबमोजिम काम नपाएर अलपत्र परेको तर पनि यो सरकारको तर्फबाट त्यहाँ आर्थिक सहयोग गर्ने कुरा कानुनी सहयोग गर्ने कुरा गरिरहेको हामीले पाएका छैनौं । हुनत एउटा नेपालको स्वीकृतबाट मात्रै नभएर विभिन्न कारणले वैदेशिक रोजगार जाने अवस्थाहरू छन् झन् तिनीहरूको लेखाजोखा छैन । तर जे भए पनि त्यहाँ एउटा जान पर्ने बाध्यत्मक स्थिति छ । जुन ढङ्गले गए पनि नेपालले सरकारले आफ्नो नागरिकहरू अलपत्र भएको बेलामा उद्धार गर्ने काममा तत्तचित्त भएर लाग्नुपर्ने स्थिति हो कि होइन?

र यही सन्दर्भमा भर्खरै अस्तिको दिन १० गते जुन ९ जना महिलाहरू बेलारुसबाट फर्किनुभएको छ र यसमा कृति भण्डारीलगायतका थुप्रै थुप्रै अभियानताहरू र विदेशमा बस्नुभएका गैरनेपाली त्यहाँ बस्नुहुने गैरनेपालीहरूको सहयोगमा फिर्नुभयो । त्यसपछाडि म पनि त्यहाँ पुगेको थिएँ र वहाँहरूको मानसिक रूपमा विक्षिप्त देखियो । खुलेर मुख देखाउने अवस्था थिएन । वहाँहरूले मास्क लगाइरहनुभएको थियो र वहाँले बलिन्द्र आसुको धाराबाहेक अरू बगाउन सक्नुभएको थिएन । म मलाई मैले पनि एकदमै आफू पनि वहाँहरूको दुःखमा आसु बगाउनबाहेक अरू कुनै साथ दिन सकेन एकदम त्यसले स्तब्ध बनायो र म एउटा यो देशको कानुन निर्माण गर्ने मान्छे र महिला अधिकार स्थापित गर्नको निम्ति जीवनभरि समर्पण गर्ने मान्छेले आज त्यो स्थिति देख्दा कसैको पनि मनमा थाम्न सक्ने अवस्था थिएन । त्यसकारणले म यो सम्मानित सभाबाट सरकारलाई प्रष्ट गर्न चाहन्छु । कि आज ती नेपालीहरूको ती युवाहरूको ती अबोध महिलाहरूको के निर्दोष हो? कि वहाँहरूलाई जन्माउने आमा बुवाको दोष? कि यो सरकारको दोष हो कि होइन? आज यति धेरै मानसिक रूपमा विक्षिप्त यो मानवीय

क्षतिपूर्ति कसले दिने? अझ यो विषयमा सरकार गम्भीर भएर सोच्नुपर्छ कि पर्दैन? अझ सरकारले यो कुरालाई कानुन रूपमा भए पनि वैदेशिक रोजगारको सन्दर्भमा गम्भीरताका साथ कार्यान्वयन गर्नुपर्दछ कि पर्दैन? आज वैदेशिक रोजगार व्यवसायी संस्थाहरूले मन परी ढङ्गले विदेश पठाइरहेको छ । विभिन्न खालका कागजपत्रहरू बनाएर नक्कली कागजपत्रहरू बनाएर पठाइरहेको स्थितिलाई सरकारले निग्रानी राख्नुपर्छ कि पर्दैन? उनीहरूलाई एउटा कारबाहीको दायरमा ल्याउनुपर्छ कि पर्दैन? जे गर्दा पनि खुल्ला रूपले यो ढङ्गले यसको चाहिँ अब दुःख र यो कष्ट अबोध, गरिब, निमुखा जनताहरूले भोग्नुपर्ने स्थिति त्यसकारणले म भन्न चाहन्छु सरकारलाई यो वैदेशिक रोजगारमा जाने र काम गर्ने सुरक्षित काम गर्ने र स्वतन्त्र ढङ्गले काम गर्ने वातावरणको सिर्जना गर्नुपर्यो र मुख्य रूपमा त उनीहरूलाई वैदेशिक पलायन हुनबाट जोगाउनको निम्ति विभिन्न उद्योग धन्दा सिर्जना गरेर उनीहरूको श्रमलाई यो राष्ट्र निर्माणमा लगाउनुपर्दछ । र त्यसरी वहाँहरू जुन एउटा फर्केर आएका एउटा मानसिक रूपमा विक्षिप्त भएका त्यस्ता किसिमका ती महिलाहरू थुप्रै आजको घटना मात्रै होइन । दिनदिनै बढिराखेको छ । हिजोदेखि निरन्तर भोलि पनि बढ्ने स्थिति छ । त्यस्ता महिलाहरूलाई आज महिलाहरूलाई मात्रै होइन त्यस्तो एउटा युवाहरूलाई उनीहरूलाई रोजगारीको व्यवस्था गर्ने र उनीहरूलाई समाजमा सम्मानितपूर्वक बाँच्न दिने स्थितिको सिर्जना गर्नुपर्दछ । जुन यो ठगी र यो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महेश कुमार महरा । (सरी) बामदेव गौतम । यसपछि माननीय महेश कुमार महरा हैं ।

(१४:१६ बजे) **<u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, केही दिन पहिले अत्यन्त महत्त्वपूर्ण सामूहिक विषयमा सङ्कल्प प्रस्तावमाथि यहाँ छलफल भएको थियो । मैले भाग लिन पाइनँ । मेरै कमजोरीले भाग लिन पाइनँ भन्नुपर्छ ।

खास गरीकन अपराधहरू दुई किसिमका हुन्छन् । एउटा अपराध जसलाई क्षमा दिन सकिन्न । त्यो अपराधलाई जघन्य अपराध भनिन्छ । र अर्को क्षमा पनि दिन सकिने अपराध हुन्छ । जो सामान्य अपराध हुन्छ । मानिसले मानिससित गर्ने व्यवहार जनावारसित गर्नेजस्तो व्यवहार, तुच्छ व्यवहार, अपमानजनक व्यवहार, छुवाछुतको व्यवहार र विभेदको व्यवहारलाई जघन्य अपराध मानिन्छ । अमेरिकामा छुवाछुत मात्रै होइन भेदभाव मात्रै गर्यो भने मृत्युदण्ड पाइन्छ । हामीले त मृत्युदण्ड समाप्त गरेको, मृत्युदण्ड दिने कानुन नबनाउने सङ्कल्प गरेर नयाँ

संविधान जारी गरेका छौं । त्यस भएर त्यतातिर नजाऊँ । फेरि हामी मृत्युदण्ड नै दिनुपर्छ भन्ने ठाउँमा पुग्नु त्यति उपयुक्त हुँदैन । त्यस भएर छुवाछुत र विभेदका सम्बन्धमा यहाँ छलफल हुँदाखेरि मलाई चित्त बुझेनँ । मैले छलफल सुनें ।

समितिमा, दिगो विकास तथा सुशासन समितमा हामीले छलफल गर्यौं । त्यहाँ पनि मलाई चित्त बुझ्दो छलफल हुन सकेन । यो संविधानले छुवाछुत र भेदभावलाई अन्त्य गर्ने सम्बन्धमा केही व्यवस्था गर्या छ । यो ०६३ सालमा बनेको ऐन हो । यो ऐनले संविधानमा जे लेख्या छ  त्यसै आधारमा केही व्यवस्था गर्या छ । यो नियमावली हो । यसमा व्यवस्था भ'को छ । यो सबै मैले पढें । हाम्रो संविधानले छुवाछुत र भेदभाव अन्त्य गर्ने व्यवस्था गरेको छैन । हाम्रो ऐनले गरेको छैन । नियमावलीले झन् गर्ने कुरै भएन । किनभने यो संविधानमा दलित समुदायको हक र अधिकार भन्छ । भाषा उपयुक्त छ? कतै मलाई लाग्दैन । यसलाई अनुवाद गरेर अङ्ग्रेजीमा भन्नुस्, संस्कृतिमा भन्नुस् । उपयुक्त छैन । दलित समुदायको अधिकार, दलित व्यक्तिको अधिकार र कर्तव्य के हो? भनेर भनिसकेपछि यसले स्वीकार गर्यो कि दलित समुदाय रहिरहन्छ । त्यसलाई मद्दत हुने गरी हामीले आरक्षण व्यवस्था गर्यौं । दलित भएको हुनाले संसदमा आउनुपर्ने व्यवस्था छ । मतलब जघन्य अपराधमा त्यो अपराध गर्ने व्यक्तिहरूलाई मुक्ति दिनको निम्ति पीडित पक्षलाई केही केही दिएर खुसी पारेको जस्तो देखाउने र सधैंभरि दलित राखिरहने, पीडित राखिरहने, उत्पीडन गरिरहने र यो जघन्य अपराधले हाम्रो समाज, हाम्रो संस्कृति र हाम्रो भविष्य कलङ्कित भइरहेका छ, कलङ्कित हुने छ । त्यस भएर हामीले सानातिना टालो लगाएर कपडा तुन्नेजस्तो होइन नयाँ व्यवस्थामा जाऊँ । नयाँ अवस्थामा प्रवेश गरौं । मान्छेले मान्छेजस्तै व्यवहार गर्न पर्छ । मान्छेले जङ्गली व्यवहार गर्ने, मानिसले अमानवीय व्यवहार गर्ने त्यो व्यवस्था गर्नेमाथि कारबाही हुने व्यवस्था गरौं ।

एकजना साथीले भन्नुभो' यो व्यवस्था हरेकले घरभित्र सुधार गरौं । एउटा सुधारको २००७ सालदेखि नेपाली काँग्रेसले चलाउँदै आएको कुरा हो । जब कम्युनिष्टहरूले आमूल परिवर्तनकाको कुरा गर्छन् नेपाली काँग्रेसले सुधारको कुरा गर्छ । त्यही सुधार म पाँच वर्षको अवस्थादेखि सुन्दै आएको छु । म त्यो उत्पीडनमा पर्ने परिवारको एउटा व्यक्ति हो । म काँग्रेसभित्रबाट जन्मेको एउटा कम्युनिष्ट हो । मेरा मामाहरूले छोरी पढाउने, हुक्का सिलिम चैं सबले चलाउन पाउने, बाहुनले हलो जोत्न पर्ने यस्ता यस्ता विषयहरू चैं अगाडि बढाउनुभो' । पछि उहाँहरूलाई जातिच्युत गरियो । उपाध्य बाहुनलाई तल्लो तहमा झारियो । त्यसभित्रबाट हुर्किएको एउटा विद्रोही मान्छे ।

अब हामीले कस्तो समाज बनाउने? फेरि पनि टालटुले गर्ने यस्तै समाज बनाउने हो? यदि होइन भने यो संविधानमा भएको दलितको अधिकार र कर्तव्य भनेर पनि समाप्त गर्न पर्छ, जति सक्दो छिटो संशोधन गर्न पर्छ । हामीले कलङ्क बोकेर हाम्रो संविधान संसारको सबभन्दा उत्कृष्ट संविधान भनेर भन्छौं । उत्कृष्ट संविधान हो जसले दलित र उत्पीडित व्यवस्थालाई समर्थन गर्छ? भाषा त्यस्तै छैन तर त्योभन्दा अर्को अर्थ लाग्दैन । हामी समुदायलाई स्वीकार गर्छौं । व्यक्तिलाई त्यसो गरेको छ भनेर स्वीकार गर्ने होइन त्यो समुदायलाई स्वीकार गर्छौं र उनीहरूलाई खुसी बनाउनको निम्ति मिठाइ दिन चाहन्छौं, चक्लेट दिन चाहन्छौं । तिमी चुप लागेर बस । कसको निम्ति? त्यही उत्पीडन गर्ने समुदायको निम्ति? एउटा समुदाय दलित छ । एउटा समुदाय उत्पीडित छ । अर्को समुदाय उत्पीडन गर्दै छ । उत्पीडन गर्ने नभईकन उत्पीडित समुदाय भन्न पाइन्छ? दलित भन्न पाइन्छ? दलितको अर्को शब्द के हो? दलन गर्ने । दल्ने समुदाय छ र दलिने समुदाय छ । उत्पीडन गर्ने समुदाय छ, उत्पीडन भोग्ने समुदाय छ । र हामी त्यसलाई टालटुले गरेर उत्पीडन गर्ने समुदायलाई रक्षा गर्न खोजिराख्या छौं । हामी त्यो सबलाई समाप्त गर्न पर्छ । त्यो दिशामा जाऔं । राष्ट्रिय सभाले त्यस सम्बन्धमा सोचोस् ।

यो ऐतिहासिक जिम्मेवारी पूरा गर्नको निम्ति एउटा यति ठुलो चैं क्रान्ति । १७ हजार व्यक्तिको बलिदानसमेत यो क्रान्तिमा भ'को छ । यद्यपि अन्तिम बेलामा हामीले शान्तिपूर्ण तरिकाले क्रान्ति सम्पन्न गरेका छौं । तर देशलाई आमूल परिवर्तन गर्ने दिशातिर हामी जान पर्ने हो कि होइन? हो भने यस्ता विषयहरू आरक्षणका व्यवस्था गरेर युगौंदेखिको उत्पीडन अमानवीय व्यवहार र त्यो जघन्य अपराधलाई हामीले बोकेर हिंड्न चाहन्छौं । भिन्न किसिमले त्यसलाई अन्त्य गर्नुपर्छ । त्यस भएर अब त्यो अन्त्य कहाँबाट गर्ने हो भन्दा संविधानबाट गरौं सबभन्दा पहिले । संविधानले दलित समुदाय र दलन गर्न सम्भव समुदायको समर्थन गरौं । यो ऐनले, यो कानुले त्यही गरेको छ । त्यस भएर जघन्य अपराध गर्नेहरूमाथि त्यसै किसिमको कारबाही हुन्छ । अमेरिकामा मृत्युदण्ड दिइन्छ । त्यो छुवाछुत र भेदभावको व्यवहार गर्नेलाई आजीवन कारावासको व्यवस्था हुन पर्छ । र सम्झाएर, बुझाएर हुँदैन ।

आजभन्दा २ हजार २५ सय वर्षदेखि सुरु भएको हाम्रो समाजमा त्यो उत्पीडन आज पनि जारी छ र हामी पढेका, बुझेका, जानेका, एकदम क्रान्तिकारी आमूल परिवर्तन गर्छु हामीले भनेर हाँक दिएर आइराखेकाहरूले आज पनि त्यसलाई टालटुल गरेर अनि चित्त बुझाउन चाहन्छौं । र आफ्नो समाजमा, तपाईंले आफ्नो घरमा बनाउनुस् न, तपाईंले गर्नुस्, सबैले त्यसो गर्ने हो भने धनी पनि भइन्छ । सबैले आफू एउटा परिवार धनी भयो भनेदेखि त देशभरिको सब परिवार

६० लाख परिवार पनि चैं धनी हुन्छ । अनि त्यसपछि त हामी समृद्ध भइहाल्यौं भन्ने ठाउँबाट हामीले छलफल सुरु गर्न हुन्न । हामीले त्यसलाई अन्त्य गर्न पर्छ । त्यो अन्त्य गर्दाखेरि यी सबै व्यवस्थाहरू जो हामीले गर्न पर्छ र सबैभन्दा पहिले वर्णाश्रम व्यवस्थालाई घोषणा गर्नुपर्छ । यो वर्णाश्रम व्यवस्था उत्पीडनको सबभन्दा पहिलो आधार हो । र त्यो वर्णाश्रम व्यवस्थामा जस बेला कामको आधारमा वर्णझैं सिर्जना गरिएको थियो आज वर्णाश्रम व्यवस्था जातिवादीमा आधारित छ । त्यस भएर ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्र भनेर भन्नेलाई अन्त्य गरौं । हामीले त्यसलाई समाप्त गर्न पर्छ र जसले छुवाछुत गर्छ, जसले भेदभाव गर्छ त्यो छुवाछुत र भेदभाव गर्नेमाथि जघन्य अपराध घोषणा गरौं ।

अरू सबै विषयहरू यहाँ संविधानमा पनि छन्, यतातिर पनि छन् । तर जब सम्झाएर, बुझाएर लागु हुँदैन त्यस बेला राज्यले आफ्नो शक्ति प्रयोग गर्न पर्छ । त्यो राज्यलाई शक्ति प्रयोग गर्ने बनाउनुहुन्न भने राज्य राज्य होइन । राष्ट्र राष्ट्र होइन । अरू धेरै धेरै व्यवस्था मिलाउन सक्ने, गर्न सक्ने तर आफ्नो देशको जनतालाई दोस्रो श्रेणीको, तेस्रो श्रेणीको अमानवीय व्यवहार गर्ने गरी बचाइराख्ने ..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय महेश कुमार महरा । समय ७ मिनेट । यसपछि माननीय तुलसा कुमारी दाहाल । समय १० मिनेट ।

**(१४:२७ बजे)** <u>**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज यो सम्मानित सदनमा मैले यो पटक पटक उठाएको विषय पनि हो फेरि पनि आज म यहाँ उठाउन गइरहेको छु ।

सम्माननीय अध्यक्ष महोदय, मैले योभन्दा अगाडिका बैठकहरूमा पनि यो गम्भीरतापूर्वक कुराहरू राखेको थिएँ तर केही कुराहरूमा चाहिने सम्बोधन भएको छ । जुन जनयुद्धका साहदत प्राप्त गर्ने योद्धाहरूलाई सहिद घोषणा गरेको छ यसलाई नेपाल सरकारलाई म धन्यवाद दिन चाहन्छु र यसै गरी जनयुद्धको क्रममा यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि त्यो जनयुद्धको क्रममा थुप्रै घाइते हुनुभो' ती योद्धाहरू अहिले पनि उपचार नपाएर छट्पटिरहेको अवस्था छ त्यसो भएको कारण म नेपाल सरकारसित के माग गर्न चाहन्छु भने जसले यो व्यवस्थाका निमित्त बलिदान दियो । जसले यो व्यवस्थालाई लडाइँ लड्दै गर्दा आफ्ना अङ्गहरूको भेटी चढाएर अहिले अपाङ्ग जीवन जिउन विवश भएका छन् । वहाँहरूको निम्ति यो राज्यले हेर्नुपर्छ कि पर्दैन? यो राज्यले हेर्नुपर्थ्यो । मैले पटक पटक यो सदनमा यो कुरा उठाएँ

सुनाइ भएन तर यसपालि हामी थोरै आशावादी भएका छौं । किनत भन्दाखेरि १० वर्ष जनयुद्धको नेतृत्व गर्ने कम्रेड प्रचण्ड सम्माननीय प्रधानमन्त्री हुनुहुन्छ । त्यसो भएका कारण सायद यी घाइतेहरूले उपचार पाउने छन् र उनीहरूको सम्मान हुने छ भन्ने हामीलाई विश्वास लागेको तर म के भन्न चाहन्छु भने जसरी यी घाइतेहरूले आफ्नो जीवन भनौं आफ्नो अङ्गहरूको भेटी चढाएर यो व्यवस्थाका निम्ति लडे । लडाइँ सकेपछि यो व्यवस्थाले सम्मान गर्नुपर्ने हो त्यो सकेको छैन । र संविधानमा पनि मौलिक हकको धारा ४२ को सामाजिक न्यायको ५ मा व्यवस्था गरिएको छ विभिन्न आन्दोलन सशस्त्र सङ्घर्ष मधेस आन्दोलन अथवा विभिन्न आन्दोलनमा घाइते भएकाहरूको लागि स्वास्थ्य उपचार र आवासका कुराहरू पनि गरेको छ तर त्यो आवासका कुरा त छोडदिऊँ त्यो उपचार पनि नपाउने अवस्थामा छ त्यसो भएको कारणले म के भन्छु भने, नेपाल सरकारसँग के अनुरोध गर्न चाहन्छु भने एउटा ऐन ल्याएर मधेस आन्दोलन जानजाति आन्दोलन २०४६ सालदेखिका विभिन्न आन्दोलनहरूमा भएका घाइतेहरू ती अपाङ्गहरूको उपचार र उनीहरूको व्यवस्थाको निम्ति एक रूपता ल्याउनका निमित्त ऐनको व्यवस्था गरियोस् भनेर म अध्यक्षमार्फत म नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

जनयुद्धको क्रममा घाइते भएर अहिले औषधि सेवन गर्नुपर्ने र अङ्गभङ्ग भएका ती योद्धाहरू के छ अवस्था भन्ने कुरा म यो सम्मानित सदनमार्फत म ध्यानाकर्षण गराउँदै म यहाँ केही कुरा राख्न चाहन्छु । जनयुद्धको क्रम अङ्गभङ्ग भएका ४८ जनालाई ह्विल चेअरको आवश्यकता परिरहेको छ अहिले पनि ४८ जनालाई ह्विल चेअरको आवश्यकता परिरहेको छ भने १४१ जनालाई बैसाखीको आवश्यकता पर्दछ र २३ जनालाई वाकरको आवश्यकता छ । ८५१ जनाले नियमित औषधि सेवन गर्नुपर्ने अवस्था छ र २१४ जनाको गम्भीर अपरेसन गर्नुपर्ने अवस्था छ १,३४७ जनाको सामान्य अपरेसन गरेर गोली छर्रा झिक्नुपर्ने अवस्था छ भने १३ जनाको देशभित्र उपचार नहुने र उनको उपचारको लागि बाहिर पठाउनुपर्ने अवस्था छ यस्तो अवस्था छ र यी कुराहरू राख्दा पनि समस्या हल नभएको कारणले फेरि मैले यो ध्यानाकर्षण गराउन चाहे सम्माननीय अध्यक्षमार्फत म नेपाल सरकार सम्माननीय प्रधानमन्त्रीज्यूको यो ध्यानाकर्षण गराउन चाहे यदि यो कुरामा पनि यो सराकरले पनि बुझ्दैन भने हामी फेरि आन्दोलनको तयारीमा छौं । हाम्रो आन्दोलन के हुने छ भने म यहीबाट भन्न चाहन्छु । अब हाम्रो आन्दोलन माइतीघरमा हुँदैन । हामी ह्विल चेअर बैसाखी लिएर बालुवाटार र सिंहदरबारमा हाम्रो लडाइँ हुन्छ । र त्यति बेलामा म भन्न चाहन्छु । नेपाल सरकारलाई त्यति बेला तपाईंहरू नेपाल सरकारलाई तयारी हुन म आह्वान गर्न चाहन्छु । यो अवस्थामा समस्या यो हाम्रा हल भएनन् भने किन त भन्दाखेरि यही व्यवस्था ल्याउनका निमित्ति हामी अङ्गभङ्ग भएर

ह्विल चेअरमा छौं । अहिले बैसाखी टेकिरहेका छौं । तर हाम्रो चाहिने कुनै वास्ता भएको छैन । त्यसो भएको कारण फेरि हिजो तपाईंकै नेतृत्वमा हामी जनयुद्ध गर्यौं यो व्यवस्था ल्याउनका निम्ति भने आज तपाईंसँग लड्नका निम्ति तपाईंका ती सेना, प्रहरीलाई पनि तयार गर्न म यहीबाट चुनौती दिन चाहन्छु । त्यसो भएको कारण सम्माननीय प्रधानमन्त्रीलाई म के भन्छु भने जसरी भए पनि ऐन ल्याएर भए पनि यो समस्या हल गर्नुपर्छ । जसरी सहिद घोषणा गरियो त्यसरी नै यी घाइतेहरूका यी अपाङ्गहरूको उपचार र उचित व्यवस्थापन गरियोस् भनेर म भन्न चाहन्छु ।

अर्को कुराः म के राख्न चाहन्छु भने मेरो जिल्ला डडेल्धुरा, डडेल्धुराको आधा भूभाग भित्री मधेस पर्छ त्यो भित्री मधेसको बिचबाट एउटा रङ्गुन नदी निरन्तर बगिरहन्छ । र विभिन्न खहरे खोलाहरू छन् र यो कुरा मैले पटक पटक राखें र अहिले पनि यो जेठ १४ को यो बजेटमा म ध्यानाकर्षण गराउन चाहन्छु । त्यो रङ्गुन नदीको तटबन्धको निम्ति सम्बन्धित मन्त्रालयले त्यो व्यवस्था गरियोस् र राखियोस् भन्न चाहन्छु । किनत भन्दा त्यो रङ्गुन नदीले खेतीयोग्य जमिनहरू काट्दै त्यहाँको बस्तीहरू जोखिममा परेको छ । त्यसो भएको कारण यो विषयलाई पनि यो नयाँ उसमा समेट भन्ने ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को विषयः यही सदनमा मैले पटक पटक कुरा उठाएँ । डडेल्धुरा जिल्लाको २०७७ साल असार अविरल वर्षाका कारण आलिताल गाउँपालिकाको वडा ७ मा एउटा पूरै बस्तीहरू पहिरोमा भासियो । र त्यो पहिरोमा भासिसकेपछि त्यहाँ व्यवस्था हुन सकेन । कम्तीमा ९७ ओटा घरहरू पूर्ण रूपमा क्षति भए भने १०८ परिवार अहिले पनि जोखिममा छन् । यो व्यवस्था हुन सकेन । र यो व्यवस्थाका निमित्त पनि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु ।

र अर्को कुराः यहाँ सुनिरहेको छ र यहाँ विभिन्न समाचार अथवा युट्युबमा पनि ठुलै कुरा सुनिएको छ । सदनमा पनि त्यो कुरा उठ्यो म यहाँ के भन्न चाहन्छु भने यही नेपालको संविधान (२०७२) मानेर यहाँ सदनमा आउने र यही आएर यो व्यवस्थाका विरुद्ध बोल्न मिल्छ कि मिल्दैन? सायद मलाई लाग्छ त्यो नैतिकता रूपले मिल्दैन । यो प्रतिनिधि सभामा यो कुरा मैले सुनें उठेको त्यसकारण म के भन्न चाहन्छु भने यदि यो गणतन्त्र व्यवस्थाको यो व्यवस्थाको विरुद्ध बोल्ने हो भने नैतिक रूपमा राजीनामा दिएर सडकमा जानुपर्छ त्यहाँ आन्दोलन गर्नुपर्छ । हैन भने यो संविधानलाई मान्ने यहाँ आउने र अनि यसैका विरुद्ध बोल्न पाइँदैन भन्ने कुरा मलाई लागेको छ । यी आफ्ना कुरा राख्दै आफ्नो कुरो अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा दाहाल । समय १० मिनेट । त्यसपछि माननीय युवराज शर्मा । माननीय तुलसा कुमारी दाहाल ।

(१४:३४ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म आज अलि फरक विषय राख्न चाहन्छु । नेपालको अल्पसङ्ख्यक, लोपउन्मुख राउटे जातिको सम्बन्धमा यो सभा केही कुरा राख्न चाहन्छु । आजको एक्काइसौँ शताब्दीमा राउटे समुदाय कहाँ छन्? अलिकति खोजेर हेरौँ । राउटे समुदाय कर्णाली, लुम्बिनी, सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूका जङ्गलका आसपासमा घुमन्ते जीवन बिताइरहेका छन् । उनीहरू दैलेख, सुर्खेत, जाजरकोट, सल्यान, कालिकोट, दाङ, प्युठान जिल्लाका मादी नदिसम्म र आछाम जिल्लाको जङ्गलका क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने गर्दछन् । एक्काइसौँ शताब्दीमा आइपुग्दा पनि सामान्य मानवीय जीवन बिताउन नपाएका राउटे समुदाय एकै ठाउँमा लामो समय बस्दैनन् । एकै ठाउँमा लामो समय नबस्ने घुमन्ते जीवन बिताउने यो समुदाय आदि मानव समाजको अवशेषको रूपमा पनि लिन सकिन्छ । उनीहरूको जनसङ्ख्या घट्दो अवस्थामा छ, घट्दो क्रममा छ ।

राउटेको लोपन्मुख तथा सीमान्तकृत प्रतिष्ठानले केही गरेअनुसार उनीहरूको जनसङ्ख्या १४५ जना रहेको छ । त्यो १४५ जनामा उनीहरू ४२ परिवारमा बाँडिएर बसेका छन् । र त्यो १४५ जनालाई हामीले मानवीय रूपमा उचित व्यवस्थापन गर्न सकिरहेकका छैनौं । समूहमा हिंड्ने एउटै समुदाय जङ्गलको आसपासमा मात्र बसोबास गर्ने गर्दछन् । नेपाल सरकारले राउटे समुदायका लागि सामाजिक सुरक्षा भत्ता दैलेख जिल्लाको गुराँस गाउँपालिकाबाट प्रतिव्यक्ति हरेक महिना ४ हजारका दरले उपलब्ध गराउँदै आएको छ । तर उनीहरू समयमा भत्ता बुझ्न जाँदैनन्, पालिकामा पुग्दैनन् । भत्ता बुझ्नुपर्ने बेलामा उनीहरू कहाँ कुन जिल्लामा पुगेको हुन्छन् ठेगान हुँदैन । उनीहरू यो सरकारले प्रदान गरेको सामाजिक सुरक्षा भत्ता कहिले ६ महिनामा लिन्छन्, कहिले ९ महिनामा लिन्छन् । एकैचोटि रकम बुझ्दा उचित व्यवस्था पनि गर्न सक्दैनन् । उनीहरूको दैनिकी नि घुमन्ते रहेको र जङ्गलमा कन्दमुल खाने राउटेहरू कहिलेकाहीँ भोकै पनि पर्दछन् । सामाजिक सुरक्षा भत्ताबाट प्राप्त गर्ने रकमको पनि सही सदुपयोग गर्न सकेका छैनन् । मदिराजन्य वस्तुमा उनीहरूले बढी खर्च गर्ने गरेको पाइन्छ । भोलिको दिनमा चाहिन्छ बचाउनुपर्छ भन्ने चेतना पनि देखिँदैन । पैसा पाउँदा अनावश्यक चिजमा खर्च गर्ने र भोकै पर्ने यो समुदायको चेतनाको विकास सामान्यतः समयसापेक्ष देखिँदैन । यसर्थ,

नेपाल सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ताको पनि सही सदुपयोग हुन सकेको छैन भन्ने लाग्छ ।

राउटेहरूसँग काठको सामग्री बनाउने परामपरागत सिप छ । जङ्गलमा पाइने काठबाट घरेलु रूपमा मानवीय उपयोग हुने सामग्रीहरू पनि उनीहरूले बनाउँछन् । तर त्यसको उचित मूल्य पाउँदैनन् । उनीहरूलाई कसैले खुसी बनाउँदा, फकाउँदा सस्तोमा पनि उनीहरू दिने गर्छन् । नेपालीमा समाजमा राउटेको सामाजिकीकरण र संरक्षणको लागि ढिलो भइसकेको छ । राउटे समुदायलाई जङ्गल तथा घुमन्ते मानवीय जीवनबाट सरल मानवीय जीवनमा रूपान्तरण गर्न आवश्यक छ । उनीहरू केही मात्रामा रूपान्तरण हुन पनि खोजेको पाइन्छ । सरोकारवाला निकाय र सम्बन्धित पक्षले आवश्यक पहल गर्न आवश्यक छ । उनीहरूको संरक्षण गरिएन भने यतिकै मरेर सकिने छन् । कतिपय गलत व्यक्तिहरूले उनीहरूको चेतनाको दुरुपयोग गरिरहेका छन् । राउटेको बिचमा जाने, उनीहरूलाई रक्सी खुवाउने, महिलाहरूलाई अमानवीय व्यवहार गर्ने, हिंसा गर्ने, यौन शोषण गर्ने, भिडिओ बनाएर सार्वजनिक गर्ने, युट्युब बनाउने कार्यले नेपाली महिलाको इज्जत र प्रतिष्ठामा पनि दाग लागेको छ । सम्माननीय अध्यक्ष महोदय, नेपाली समुदायमा आँच पुर्याउने काम गरिरहेका छन् । यस्ता क्रियाकलापलाई तुरुन्त रोक्न आवश्यक छ । सम्बन्धित व्यक्तिलाई कानुनी दायरामा ल्याएर हदैसम्मको कारबाहीको लागि सम्माननीय अध्यक्षमार्फत् सरोकारवाला पक्षको ध्यानाकार्षण गराउन पनि चाहन्छु ।

राउटे समुदाय जो कसैलाई विश्वास गर्दैन । मुखिया मैनबहादुरको नेतृत्वमा, निर्देशनमा उनीहरू चल्ने गर्छन् । कति दिने? कहाँ बस्ने? के गर्ने? कहाँ जाने? भन्ने उनीहरूको आफ्नै नियम छ । उनीहरू नेपालको कानुन संविधानअनुसार चलिरहेका छैनन् । उनीहरूको भेषभूषा पनि सामान्य मानिसको भन्दा अलग र फरक छ । उनीहरूको दिनचर्या पनि अलग र फरक छ । यो राउटे समुदायलाई केही प्रयास राउटे लोपन्मुख तथा सीमान्तकृत प्रतिष्ठानले गरेको देखिन्छ तर पर्याप्त छैन । पूर्वसरकारले आरम्भ गरेको जनता आवास कार्यक्रमलाई निरन्तरता दिई राउटेहरूको स्थायी बसोबासको लागि व्यवस्था गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण पनि गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, राउटे समुदाय जहाँ स्थायी रूपमा बसोबास गराउन सकिन्छ सोही पालिकामा सामाजिक सुरक्षाको व्यवस्था उनीहरूलाई उपयोग गर्न दिनुपर्छ । उनीहरूको जीवनयापनको पनि सहज हुने थियो । उनीहरूले उत्पादन गरेका काठका सामग्रीहरूलाई आधुनिकीकरण गरी बजारीकरण गरिन सकिने थियो । यसो गर्दा स्थानीय तहले आफ्नो आम्दानीलाई पनि बढाउन सक्ने छ ।

२०७९ साल माघ महिनामा एउटा घटना घट्न पुग्यो । मैनबहादुर शाहीका छोरा नारायण शाही आगोमा परेर घाइते भए । नारायण शाही मुखिया मैनबहादुर शाहीका छोरा थिए । नारायण शाहीको उपचार जिल्लामा हुन सकेन । काठमाडौँमा ल्याइयो । ट्रमा सेन्टरमा उनको उपचार भयो ।  तर आगोले धेरै शरीर क्षति पुर्याएको हुँदा उपचार सफल भएन र उनको त्यहीँ निधन भयो । स्थानीय सरकारले काठमाडौँ ल्याउने प्रयास त गर्यो, अस्पतालसम्म त ल्यायो, खर्चको सबै व्यवस्था गर्न सकेन । कुरुवा खर्च बाहिरबाट ल्यायको औषधिको पैसा अझै पनि तिर्न बाँकी छ । उनको उपचारको लागि त्यो प्रतिष्ठानको अध्यक्ष सत्यदेवी अधिकारीले केही समन्वय र सहकार्य गर्नुभएको थियो । नेपाल सरकार सम्बन्धित पक्षले राउटेहरूको संरक्षणको योजना नबनाउने हो भने उनीहरू चाँडै मरेरै सकिने छन् । उनीहरूको जनसङ्ख्या १४५ जना रहेको छ । घट्दो अवस्था छ यो पनि । ४५ जना पनि घट्दो छ । राज्यले उनीहरूलाई उपलब्ध गराउने मासिक सुरक्षाका भत्ताको प्रदान गरेको रकमको सही सदुपयोग नहुने र उनीहरू स्थायी रूपमा नबस्ने भएको हुनाले उनीहरूमा यो चेतनाको विकास गराउन पनि आवश्यक छ । राउटेहरू स्थायी रूपमा बसोबास गरेपछि बालबच्चाहरू पनि विद्यालय जाने थिए । युवाहरूले सिपमूलक तालिम सिक्ने थिए । र परापूर्वकालदेखि उनीहरूले उत्पादन गरेका काठका सामग्रीहरूलाई आधुनिक सिप दिन सक्यौँ भनेदेखि उनीहरूको पनि सामाजिकीकरण हुने थियो, जीवन चल्ने थियो र स्थानीय तहमा उत्पादन भएका सामानहरूले पनि बजार पाउने थियो भन्ने लाग्दछ । राउटे समुदायले उत्पादन गरेका काठका आवश्यक वस्तुहरू उचित मूल्यमा खरिद गरी स्थानीय तहले त्यसलाई चैँ सही रूपमा उपयोग गर्न सके दोहोरो फाइदा हुने थियो भन्ने लाग्दछ । एकातर्फ राउटेहरूको दैनिकी चल्ने र अर्कोतर्फ पालिकाको पनि आम्दानी बढ्ने थियो । यसतर्फ सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ ।

राउटेको परिवार सङ्ख्या ४२ रहेको छ । उनीहरू मुखिया मैनबाहदुर शाहीसँगको सरसल्लाहबाट मात्र चल्ने गर्दछन् । त्यसैले उनीहरूको स्थायी बसोबासको लागि उनीहरू कहाँ र कुन ठाउँमा बस्न चाहन्छ यसको लागि तुरुन्त व्यवस्था गर्न आवश्यक छ । उनीहरूकै चाहना, इच्छा र सजकतालाई ध्यान दिई स्थायी रूपमा बस्ने वातावरण सिर्जना गरी प्रतिसँग समन्वय र सहकार्य गरेर उनीहरूलाई बसोबास गराउन सकिन्छ । उनीहरू अब त्यो अवस्थामा पनि पुगिसकेका छन् । स्थायी बसोबासका लागि सरकारले पहल गर्न र आवश्यक पक्षले समन्वय र सहकार्य गर्नुपर्ने कुरामा म पुनः ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, मुखिया मैनबहादुर शाही पनि वृद्ध भइसकेका छन् । अहिले उनी छोराको मृत्युको पीडामा छन् । असुरक्षित जङ्गलको बसाइ न्यायो र ताता कपडा नहुँदा

रात कटाउन पनि उनीहरूलाई गाह्रो छ । त्यसैले मैनबहादुर शाही अहिले के भन्छन् मेरो छोरा त डाक्टरले सुईं लगाएर पो मारेको हो त । मेरो छोरालाई सुईं नलागएको भए सायद मर्दैन थियो होला । मसँगै हुन्थ्यो होला अहिले भनिरहेका छन् । उनीहरूको नेपालको संविधान र कानुन उनीहरू जान्दैनन्, आवश्यक पनि ठान्दैनन् । मुखिया मैनबहादुर शाहीको माध्यमले राउटेहरू अस्थायी रूपमा जङ्गलको साइडहरूमा हिँडेर आफ्नो जीवन गुजारा गरिरहेका छन् । उनीहरूलाई स्थायी रूपमा हामीले बसाउन सक्यौं भने मातृ मृत्यु दर पनि घट्ने थियो । बालबालिकाको बाल मृत्यु दर पनि घटाउन सकिन्छ । यसतर्फ ध्यान दिन आवश्यक छ । जङ्गली अवस्थाबाट सामान्य मानव जीवन रूपान्तरण गर्नको लागि प्रयास गर्नुपर्ने छ ।

हामी आज यो सदनमा बोलिरहँदा हाम्रो नेपाली समाजमा रहेको यो पनि जाति छ र? भन्ने लाग्न सक्छ विश्वको अगाडि । तर उत्कृष्ट मानव जीवन बिताउने नेपालीहरू आज राउटे समुदायको बारेमा अध्ययन र अनुसन्धान गर्न आवश्यक छ । यिनीहरूलाई संरक्षण गर्न पनि आवश्यक छ । सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पहलकदमीमा उनीहरूको स्थायी बसोबास गराउन सकिन्छ । त्यसैले स्थायी बसोबास गराउनको निम्ति सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ । राउटे बालबालिकालाई आवश्यक सामग्री खाद्यन्नसहित निशुल्कः शिक्षा, निशुल्कः स्वास्थ्य उपचारको लागि पनि पहल गर्न आवश्यक छ । उनीहरूको सङ्ख्या पनि सानो रहेको छ । राउटे समुदायका महिलाहरू स्वास्थ्य सचेतना, प्रजनन शिक्षा, गर्भवती महिलाहरूको पोषणयुक्त खाद्यन्न र निशुल्कः स्वास्थ्य उपचारको पनि व्यवस्था गर्न आवश्यक छ । पुरुषहरूमा पनि सामान्य स्वास्थ्य चेतनाको विकास गर्न आवश्यक छ । सचेत बनाउँदा मानिसहरूले राउटेहरूको अवोध चेतनाको दुरुपयोग गरिरहेका छन् । उनीहरूको पहिचान गरी हदैसम्मको नसिहत दिन आवश्यक छ । यसतर्फ सम्बन्धित पक्षको ध्यान जाओस् भन्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय युवराज शर्मा । समय ८ मिनेट । यस पछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१४:४५ बजे)** <u>**माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अहिले भखरै छिमेकी मित्र राष्ट्र भारतका सांसद राहुल गान्धीमाथि दुई वर्षको जेल सजाय र सांसद पद निलम्बित गरिएको छ । तर हाम्रो देशमा सम्माननीय प्रधानमन्त्री वा अरू सम्मानित पदमा बसेकाप्रति असंशोधित वा अमर्यादित भाषा प्रयोग गर्ने अरू दलको सांसदको नाम बिगारी

कुनै सामन्तले आफ्नो नोक्करलाई रामप्रसादको ठाउँमा रामे र जगनप्रसादको ठाउँमा जगने भन्ने सस्तो अपमानजनक असंसदीय, अमर्यादित र अश्लभनीय भाषा प्रयोग गर्दा पनि अस्वाभाविक सहनशीलता किन?

आज पुनरुत्थानवादीका स्वर चर्किंदै गएका छन् । नागरिकमा नेताप्रतिको प्रेम आकर्षण र विश्वास कतै घट्दै गएकोले त होइन ? आज सम्पूर्ण सिस्टमसँग जोरी खोज्ने प्रवृति बढ्दो छ । कतै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रभावहीन बन्दैगएकोले त होइन? आज सायद त्यसैले शासन, प्रशासनसमेतले प्रभावकारी भूमिका निर्वाह गर्ने हैसियत गुमाउँदै गएको देखिन्छ । पत्रपत्रिका पढ्दा सर्वत्र नकारात्मक स्थिति सृजना हुँदै गएको खबर मात्रै देखिन्छ । बैङ्किक अवस्था बिग्रदो छ । यस्तो अवस्थामा मुलुक नै धरापमा पर्न गई बैङ्कको ऋण, साँवा, ब्याज नतिर्न आह्वान गरी आन्दोलन गर्रिंदै छ । सरकार मौन किन बसेको छ? सरकारको उपस्थिति सर्वत्र कमजोर देखिँदै छ आज । जम्माखोर, ठक, दलाल, गिट्टी, बालुवाको अवैध उत्खनन्कर्ता हौसिएका छन् । गरिखानेहरू मार खाने अवस्थामा पुगेको देखिन्छन् । यसको जवाफ तीनै तहको सरकारले दिनुपर्दछ । मुखले होइन कामले ।

मुगुको एउटा गाउँपालिकामा नुन र चाँदीको भाउ लगभग समान देखिएको छ । यसतर्फ अध्यक्षज्यूमार्फत सरकारको ध्यानआकर्षण गराउन चाहन्छु । अब यी यावत् विषयको सबैको समाज निराकरणको लागि सरकारले स्वतः आफ्नो उपस्थिति बढाउँदै लग्नुपरेको देखिन्छ । बढ्दो अराजकता अनुशासनहीनतासँग शक्तिले निप्टिन परेको छ । त्यसभन्दा अगाडि माननीय मन्त्री र सम्माननीय प्रधानमन्त्री स्वयम् नैतिकता, इमान्दारी, तटस्तता र पारदर्शिताको कसीमा खरो उत्रिन सक्नुपर्दछ । नत्र सङ्कटकाल लगाउनुपर्ने स्थितिको सृजना हुन अबेर लाग्ने छैन । संविधान विरोधी शक्ति राष्ट्रलाई त्यसतर्फ नै धकेल्न उद्धत देखिन्छन् । उनीहरू भयावह स्थितिको सृजना गरी वर्तमान संविधानलाई नै धरापमा पार्न तम्तयार भएर बसेका छन् । कुनै पनि दलले त्यस्ताहरूलाई संरक्षण दिइ भष्मासुरलाई बदरान दिन खोज्नु कदापि उचित हुने छैन ।

आज सबै संविधानवादी दलको एउटा साझा सहमति बनेको छ कि सबै क्षेत्रमा उत्पादन बृद्धि गर्ने, आयतलाई निरुसाहित गर्ने गरी निर्यात बृद्धि गर्ने, रोजगारीको सृजना गर्ने, जनतालाई सबै क्षेत्रमा सस्तो सुलभ निरन्तर सेवा दिने कामलाई बढावा र निरन्तरता दिने । यस सम्दर्भमा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेजीको मुठ्ठी खुम्च्याएर बजेट बनाउने अर्थमन्त्री चाहिन्छ भन्ने भनाइसहितको अन्तर्वाता सान्दर्भिक र मनन् योग्य ठान्दछु ।

प्रत्येक वर्ष नीति कार्यक्रम र बजेट प्रस्तुत हुन्छ । तर बनेजस्तो उपलब्धि प्राप्त किन हुँदैन? नागरिक परिवर्तन चाहन्छन् । उपलब्धिपूर्ण परिणाम चाहन्छन् । कुरा मात्रै होइन काम चाहन्छन् । पुरस्कार र दण्डको व्यवस्था चाहन्छन् । एकातिर नागरिकले घर खर्चको लागि ल्याएको पाँच किलो गुण समातेर भन्सारले पुरुषार्थि देखाउँछ भने अर्कोतिर लाइन सिस्टमबाट करोडौंको सामान भित्रिन्छ । यसरी काम चल्दैन । भन्सार र कर नीतिमा व्यापक परिवर्तन गरी नागरिकलाई कर्तव्यप्राण बनाउन सक्नुपर्दछ । सबै क्षेत्रमा परम्परागत शैली त्याग गरी समयसापक्ष नीतिको तर्जुमा गर्नुपर्ने देखिन्छ । तस्कर, माफिया र दलालहरूको दुस्चक्रलाई तोडी उनीहरूलाई कानुनको दायरामा ल्याउन सक्ने आँट चाहिएको छ आज । नागरिकको प्रेम, भरोसा र विश्वास जित्न जे जे चित्न जे जे नीति उचित देखिन्छ तर्जुमा गरिहालौं । सम्माननीयज्यूमार्फत सरकारलाई आग्रह पनि गर्न चाहन्छु ।

आज परिवर्तनकारी शक्तिभन्दा परिवर्तन विरोधीहरूको स्वर चर्को बन्दै गएको देखिन्छ । नेतृत्वले कहाँ बाटो बिरायो? ती बुख्याचाहरूको यत्रो साहस कहाँबाछ आयो? आज संविधानवादी दलका नेताहरूमा एकता र सहकार्य आवश्यक देखिन्छ । तर हामी त ढोक्सो र माछाको खेलमा नै रमाएका देखिन्छौं । आज ठगी र भ्रष्टाचारमा कठोरतम कानुनको आवश्यकता छ । करोडौंको ठगी गर्नेलाई पनि एकदेखि साथ वर्षको मात्र काराबास छ । अनि ठगी धन्दा भ्रष्टाचार किन नफस्टाओस् । जेलबाट छुटेर लुकाएको त्यो सम्पत्ति पुनः भोग गर्न त उसले पाइहाल्छ । यस्तो घटना मैले आफैले देखेको छु ।

सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीज्यूले स्वयम् आफ्नो सम्पत्ति सार्वजनिक नगर्ने देशमा कानुनको शासनको अपेक्षा कसरी गर्ने? मेरो आदर्श प्रेरक र सच्चा लोकतान्त्रिकवादी नेता वीपीले भन्नुहुन्थ्यो कि एउटा घरपरिवार राम्ररी चलाउने व्यक्तिले देश वा राष्ट्र पनि सजिलै चलाउन सक्छ । किन भने देश भनेको ठुलो परिवार हो र परिवार भनेको स्यानो राष्ट्र । तरिका नजानेमा चलाउने तरिका नजानेमा परिवार पनि ऋणको पासो पर्दछ । बिग्धन पनि हुन्छ । आजको नेपाल हेर्दा कस्तो अनुभव हुन्छ? सही ढङ्गले राष्ट्र चलेको छ वा छैन विश्लेषण गरौं । छैन भने कसरी अगि बढ्ने साझा सहमति गरी कार्यान्वयनमा जाऔँ ।

रेमिटयान्सले सधैं काम चलाउन खोज्नु के उचित हुन्छ र? हामी उत्पादक र उपभोक्ताको स्वर्ग निर्माण गर्दा गर्दै हामीले उत्पादक र उपभोक्ताको स्वर्ग निर्माण गर्दा गर्दै हाम्रो स्वार्थ तछाड र मछाड र गलत प्रवृतिको कुसङ्गतले कतै नर्कको निर्माण गर्ने बाटोमा त हिंडेनौं? आज गम्भीर चिन्तन आवश्यक छ ।

म आकडाको कुरा गर्दिन किन? त्यो गुगल र तथ्याङ्कमा हेर्न सकिन्छ । म आज भावना, विचार र आदर्शको वा भनौं समाजवाद उन्मुख संविधानको वा संविधानवादको कुरा गर्दछु । जसलाई आधार मानेर छिद्रैछिद्र भएका कानुन बन्ने गर्दछन् । र प्रत्येक जनआन्दोलन र जनक्रान्तिमा बलिदानी दिने जनता सबै परिवर्तनपछि निरास हुने गर्दछन् । कहिले यस दुस्चक्रदेखि उन्मुक्ति मिल्छ? सरकारले अब आर्थिक सङ्कट समाधान गर्न नीति ल्याउँछ भनेको सुन्दा खुसी लाग्दछ । तर सबै दलको नजर मालदार मन्त्रालयमा शीर्षकको समाचार पढ्दा उत्तिकै छोप पनि लाग्दछ । (एक मिनेट माननीयज्यू) आज विश्वको परिस्थिति पनि जटिल बन्दै गएको देखिन्छ । तर नेपालको राजनीति सुतुर्मुर्गजस्तो व्यवहार देखाउँदै छ ।

म अन्त्यमा सवारी शब्दलाई हटाई आवागमन भन्ने शब्द प्रयोग गरी जनतालाई दुःख नदिने राष्ट्रपति हामीले पाएका छौं । उहाँलाई उहाँको यस कामको लागि बधाई दिँदै उहाँको कार्यकालको सफलताको शुभकामना गर्दछु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री राजेन्द्र लक्ष्मी गैरे । समय ६ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

(१४:५३ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सरकारको स्तरदेखि जनताको स्तरसम्म व्यापक बहस भएको विषयमा राष्ट्रिय गौरवको आयोजनाको विषयमा म मुद्दा उठान गर्न चाहन्छु ।

विशेष गरी विद्युत् प्रसारण लाइन एमसीसीको कुरा सदनदेखि सडकसम्म रहेक नेपालीले बहस गरेको विषय छलफल गरेको विषय यो राष्ट्रियताको पक्षमा छ कि छैन । नेपाली जनताको हितमा छ कि छैन भनेर बहस गरेर टुङ्गिएको विषय जुन योजनाको काम अहिले भइरहेको छ । र यो विद्युत् प्रसारण लाइन विस्तार गर्ने योजना ५ वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य राखेको पाइन्छ । विशेष गरी यहाँदेखि नुवाकोटदेखि अत्रौली हुँदै पाल्पा बुटवल दाङ हुँदै भारतको सीमानासम्म विस्तार गर्ने जुन लाइनको विषयमा मैले यहाँ उठान गरेको छु । र लाइन विस्तार गर्ने क्रम अगाडि बढिरहँदा अहिलेसम्मको प्रगतिलाई हेर्दा हामीले पाँच छ पर्सेन्ट मात्रै काम भएको भन्ने बुझिन्छ । पाँच वर्षभित्रमा यो परियोजना सम्पन्न हुन्छ कि हुँदैन? यो हाम्रै पालामा सम्पन्न गर्नुपर्ने छ र यो योजना लाइन विस्तार गर्दाखेरिमा चाहे नुवाकोटको रात्माटे चाहे तनहुँको ..... केही विवादहरू जग्गाको विवादहरू पनि हामीले सुनेका छौं र यो लाइनको विस्तार गर्दाखेरि जनतालाई दिन पर्ने मुआब्जा त्यसको सट्टामा बनाउँदा जनताले दिएको जग्गा ठाउँमा

सरकारले उनीहरूलाई राहात दिने मुआब्जा दिने जुन व्यवस्था छ । यो पनि अहिलेसम्म काम अगाडि बढेको देखिँदैन ।

जनताले त्यो मुआब्जा पाइसकेको अवस्था पनि छैन र अर्को कुरा लाइन विस्तार गर्दैखेरि लाइनको वरिपरि पच्चिस तिस मिटरको वरपरको जग्गाहरूलाई त्यसले असर पुऱ्याउँछ भनेर जनताले बैङ्कमा आफ्नो पूर्जा धितो राख्न जाँदाखेरिमा बैङ्कले धितो नलिने अवस्था पनि छ यसो भयो भने हामीले देश निर्माण गर्नको निम्ति जनतालाई हामीले उज्यालोमा राख्नको निम्ति हाम्रो देशको आम्दानी बढाउनको निम्ति सरकारले राष्ट्रिय गौरवको योजनाहरू लागु गरिरहँदा त्यहाँका सामान्य किसानहरूलाई जनताहरूलाई मर्का पर्यो भने हामीले यो देशको सरकारले नहेर उनीहरूलाई कसले हेर्न सक्दछ? त्यहाँको जनताको राहातको निम्ति उनीहरूलाई त्यो लाइन विस्तार गर्दा पुगेको क्षतिको निम्ति विशेष व्यवस्था सरकारले बनाउन पर्दछ र उनीहरूका जजसको जग्गाहरूमा पर्दछ । जोजसलाई असर पर्दछ । तिनीहरूलाई छुट्टै नीति बनाएर उनीहरूका पूर्जालाई धितो लिने उनीहरूले व्यवसाय गर्न पाउने उनीहरूले राहात महसुस गर्न पाउने कानुनी व्यवस्था भएन भने यो देशका विभिन्न ठाउँहरूमा हामीले निर्माण गर्न खोजेका आयोजनाहरू, गौरवका योजनाहरू त्यसै सम्पन्न हुन सक्छन? सम्पन्न हुन सक्छन् जस्तो मलाई लाग्दैन । त्यसो भएको हुनाले हामीले जसलाई असर पुऱ्याउँछ त्यो योजनाले ती खालका त्यहाँका जनताका निम्ति विशेष व्यवस्था गर्ने कुरामा हाम्रो ध्यान गएको छ कि छैन? सरकारको ध्यान गएको छ कि छैन मैले अहिलेसम्म बुझेंअनुसार सोलोडोलो हेरेको मैले पाउछु । सोलोडोलो हेर्यो भने आफूले आफ्नो जग्गा काटेर दिन त जनताले चाहँदैन । जनताले त मान्दैन । त्यसो भएको हुनाले उनीहरूको निम्ति राहात भयो भने उनीहरूको निम्ति छुट्टै व्यवस्था भयो भने देशको निम्ति योगदान पुऱ्याउन आम नेपाली जसले पनि चाहन्छ भन्ने ठान्दछ र दिन सक्छन् भन्ने मलाई लाग्दछ ।

र जति पनि योजनाको कामहरू निर्माण हुन्छ । त्यहाँका रुखहरू काटिँदा आफूले छोरा छोरीलाई जस्तै माया गरेर हुर्काएको रुख काट्दाखेरिमा वनको सम्पत्ति हुन्छ । अनि त्यहाँको जनताले माया गरेर संरक्षण गरेर हुर्काएको रुख काटिँदा त्यहाँको जनताको निम्ति छुट्याउनुपर्छ कि पर्दैन? तिमीले दुःख गरेर हुर्काएको तिम्रो छिमेको रुख हामीले काट्यौं तिम्रो लागि २५ पर्सेन्ट हो कि १० पर्सेन्ट हो कि २० पर्सेन्ट हो कि यो विकासको काम गर भन्ने नीति हाम्रो छ त छैन नि । त्यसो भएको हुनाले मान्छेले असाध्यै माया गरेका चिजहरू भत्किँदाखेरिमा मान्छेले उराठ मान्दछ । मलाई सम्झना छ । युद्धकै बेलामा द्वन्द्वकै बेलामा पाल्पा दरबार भत्किँदाखेरिमा त्यहाँको एक जना यूमान लिगल भन्ने मान्छे त्यो दरबारको फोटो लिएर बजारभरि

देखाउँदै हिंड्नुभ' थियो । त्यस्तो बनाऊ हइ यस्तो बन्छ कि बन्दैन भनेर सारा जनतालाई सचेत गराउनुभएको थियो । अहिले साँच्चैकै वहाँले भने जस्तै बनेको पनि छ । त्यसो भएको हुनाले हाम्रा जति पनि संरचनाहरू छन् । जस्ताको तस्तै बनाउन जनतालाई साँच्चै यो चिज यहाँबाट घुमेको छैन भनेर रात दिन हामीले यस्ता योजनाहरू बनाउन आवश्यक छ । अल्झेर बल्झेर अघि पूर्व माननीयहरूले भन्या जस्तो भनेर हामी बस्यौं भने यो ५ वर्ष हाम्रो त्यसै जाने छ । सबै नेता उस्तै रहेछन् । तिनीहरूले केही गरेनन् भनेर फेरि जनताले हामीलाई पनि धिक्कार्ने छन् भन्ने छन्, त्यसो भएको हुनाले यो ५ वर्षभित्रमा यो गौरवको योजना सम्पन्न गर्नको निम्ति जनतालाई मुआब्जा दिने कुरा जनतालाई विशेष व्यवस्था गरेर राहात दिने कुरामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र यति भनेर आफ्नो कुरा टुङ्ग्याउछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

(१५:०० बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो नेपालमा पनि आज रमजान मुबारकको तेस्रो रोजा र व्रत रहेको छ । म यस पावन अवसरमा हजुरको माध्यमबाट सबै नेपालीलाई रमजान मुबारकको शुभकामना र मुबारक बात दिन चाहन्छु ।

हिजो तथ्याङ्क विभागले आफ्नो रिपोर्ट सार्वजनिक गरेको छ । त्यसमा हाम्रो शैक्षिक दरमा केही सुधार आए पनि चाहेजस्तो आएको छैन । विभिन्न कारण होला । म एउटा कारणसम्म पुग्या छु कि राज्यले मदरसा शिक्षालाई रेकग्नाइज छैन । यो देशमा आजदेखि होइन शताब्दिऔं देखि मदर्साहरूले आफ्नो कार्य गरिरहेको छ । मुस्लिमहरूको बसोबास नेपालमा कुनै नयाँ छैन । उनीहरू धर्ति पुत्र हुन् । कसै कुनै कर्मचारीलाई घुस खुवाएर नागरिकता लिएको होइन । कुनै कुनै सञ्चार माध्यमबाट मैले पढेंअनुसार वहाँहरूको बसोबास पहाडका बिकट स्थानहरू ९ सय वर्षदेखिको पाइएको छ । आज उनीहरूको आफ्नो संस्कृति, भाषा, धर्म आदि इत्यादी त्यसै देखिरहेको छ भन्ने त्यो श्रेय मदर्सालाई पनि जान्छ र यहाँका विभिन्न समुदायका सौहार्द्ध, माया र .....लाई पनि जान्छ । तर मदर्साको विषयमा राज्य सधैं उदासीन देखिएको छ । म आफैं पनि तीस वर्षदेखि निरन्तर, तीस वर्षदेखि निरन्तर मदरसा समस्याको समाधानतिर राज्यलाई गुहारदै आइरहेको छु । जुन पार्टीको सरकार भए पनि, जुन शिक्षा मन्त्री भए पनि मैले उहाँको ढोका खटखटाएको छु कि तपाईंहरू एकातिर भन्नुहुन्छ कि

मदर्सालाई मूल प्रवाहमा, राज्यको मूल प्रवाहमा ल्याउनुपर्छ तर हामी आउँदा, मदर्सावाला आउँदा तपाईंहरू कुरा सुन्नुहुन्न ।

तपाईं मदर्साको रजिस्ट्रेसनको लागि २०६४/१८ मा १८ बाट सुरु भएको त्यति बेलाको मधेसमा सङ्घर्षरत मधेसी जनधिकार फोरम र नेपाल सरकारबिच विभिन्न ६ चरणमा भएको वार्तामा आधारित २०६५/०५/१३ मा सम्पन्न २२ बुँदे सम्झौताको बुँदा नम्बर ९ मा प्रष्ट रूपमा भनिएको छ कि राज्यले मदरसा सम्स्या समाधानको लागि मदरसा बोर्ड गठन गर्ने छ । तर आजसम्म दशकौं बित्दा पनि मदरसा बोर्ड गठन भएको छैन । विभिन्न सङ्घ, संस्थाले पनि राज्यसँग माग गर्यो । तपाईंहरूले भन्नुस् सम्माननीय अध्यक्षज्यूको मार्फत् म सरकारसमक्ष प्रश्न गर्न चाहन्छु कि मदर्सालाई मूल प्रवाहमा ल्याउने कि नल्याउने? मदरसाको सर्टिफिकेटलाई मान्यता दिने कि नदिने? मदर्सालाई रेकग्नाइज गर्ने कि नगर्ने? मदरसामा पढेका बालबालिकाहरूको तथ्याङ्कसम्म राख्ने कि नराख्ने मदर्साको पूर्वाधार विकास गर्ने कि नगर्ने? वहाँका शिक्षक, वहाँका छात्राहरूलाई अनुदान दिने कि नदिने? वहाँहरूलाई असल नेपालीको प्रत्याभूति गराउने कि नगराउने? यो प्रश्न राज्यको अगाडि छ । विडम्बना के छ भने राज्यले केही नगर्ने र आफ्नो घरमा मदर्साबाट पढेका केही विद्यार्थी यदि विदेश जान्छ भन्ने हाम्रो मन्त्रालयले एनओसीसम्म दिइरहेको छैन । यो विभेद छैन भने विभेद अरू कुन कुरालाई भनिन्छ? आपही अपनी अदाओपे जरा घोर करे हम जे अर्ज करेङ्गे तो सिकायत होगी । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री शेखर कुमार सिंह । समय ५ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१५:०५ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय म यो रोस्ट्रममा धेरैपल्ट भनिसक्या छु पुनः पनि अध्यक्ष महोदयमार्फत नेपाल सरकारका वरिष्ठ मान्त्रीज्यू पनि हामीसमक्ष उपस्थित हुनुहुन्छ । वहाँलाई पनि याद रहोस् हामी एउटा कोशी पीडित जनतामध्ये पनि त्यस क्षेत्रका कुनौली-फत्तेपुर सडक जुन बेलामा बन्या थियो । त्यो अब बेलहिया भन्सारदेखि इनरुवासम्म १३ किलोमिटर मात्रै बाँकी छ । अरू त सबै सहायक राजमार्गमा पर्ने भयो । यो १३ किलोमिटर सडक नहुँदाखेरि हामी धेरै सास्ती पटक पटक भोग्नुपर्या छ । जब कि पुरानो सडकको मार्ग यथावत छ । त्यसलाई पुनर्संरचना गर्दिनलाई मैले पटक पटक अर्थमन्त्रीज्यूहरूबाट पनि आग्रह

गर्दा होइन यसपालि माननीयज्यू पर्छ भन्ने आशा त राख्या छु । यसपालि पनि हाम्रै राष्ट्रिय सभाका माननीयजी उपप्रधान मन्त्री तथा भौतिक यातायात मन्त्री हुनुभा' छ । यसपालि त निश्चितै पर्ला भन्ने विश्वास गर्या छु र हाम्रो वरिष्ठ मन्त्रीजी सुनिराखुभा' छ । वहाँ पनि पक्कै क्याबिनेटमा पुऱ्याउनुहोला भन्ने आश पनि गर्या छु ।

साथै मन्त्रीज्यू नेपाल सरकारले निश्चित रूपमा यसबिचमा धेरै सराहनीय काम गर्या छ । जो किसानको मलखादमा अनुदान घटा' थियो । त्यो पुनः दिनुभो' त्यसको लागि जति धन्यवाद दिए पनि कमै हुन्छ । धन्यवादयोग्य काम र किसानको समस्याबाट धेरै हदसम्म यसले एड्रेस गर्छ । सँगै हामी धेरै भूभागमा बासोवास गरेका नेपाली युवाहरू अहिले पनि नागरिकताबाट वञ्चित छन् । यो सरकारबाट हामी धेरै उम्मिद राख्या छु । वञ्चित भएका युवाहरू यथाशीघ्र नेपाली नागरिकता पाउँछन् । नेपाली नागरिकताको समस्या जो छ । नेपाल र नेपालको साम्नेबाट हटेर जान्छ भनेर हामी उम्मिद पनि गर्या छौं र भन्ने पनि गर्या छु यो सरकारले निश्चित रूपमा यो नागरिकताको समस्याको समाधान हुन्छ । यसमा सरकार लागिपर्या छन् । सरकार लाग्नुभा' छ । साथै हामी पनि हाम्रो पार्टीको तर्फबाट पनि जे जति सहयोग चाहिन्छ । हामी पनि भाग दिन तयार छौं । तपाईंहरूकै सत्तापक्षमा छौं । कतै बाहिर छैनौं त्यसैकारणले यो बेलामा त निश्चितै हुने हामी आश राख्या छ । यसबाट पनि नेपाल र नेपाली एउटा हर्ष उल्लासको दिन थपेर आउँछ । नयाँ वर्ष पनि आउँदै छ नेपालको यसै वर्षको सुरुमा यो नेपाली नागरिकताको समस्याको समाधान भयो भने नेपाली धेरै खुसी भएर नयाँ वर्ष पनि मनाउँछन् । यति मैले आश राख्या छु ।

सँगै मैले जहिले पनि भन्दै आएको छु । नेपाल र नेपालीको लागि एउटै यातायातको साधन सडक मार्ग नै हो । अहिलेसम्म हेर्दा कतै छक फुटमा केही किलोमिटरमा रेल्वे होला विमान मार्ग सबैको पहुँचदेखि माथि छ तर यो मार्ग सुरक्षित राख्न नेपाल सरकारको दायित्व हो यो चुरेलाई कसरी व्यवस्थित गरेर यथाशीघ्र यसलाई व्यवस्थापन गर्न सकिन्छ यति भन्दै चुरे व्यवस्थापनबाट जो हामी पनि क्षति बेहोरिराख्या छु । त्यसलाई अबको दिनमा नहोस् भन्दै आफ्नो दुई शब्द यही अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुल प्रसाद विश्वकर्मा । समय ५ मिनेट । यसपछि माननीय खिमलाल देवकोटा ।

(१५:१० बजे) **मानननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, यहाँ हामीले बारम्बार छलफल गर्ने गर्या छौं । अस्ति पनि मैले कुरो उठाएको थिएँ । हामीले दलित जातिहरूको विषयमा उनीहरूमाथि भएका उत्पीडन र अत्याचारलाई अन्त्य गर्नको लागि र अहिलेसम्म बनेका कानुनहरूलाई लागु गराउनको लागि हामीले यही सदनबाट केही दिनअगाडि सङ्कल्प प्रस्ताव पनि पास गरिसकेका छौं । तर पनि समाजमा दलितमाथि हुँदै आएका भेदभाव, छुवाछुत र उत्पीडनका घटनाहरू दिनानुदिन बढ्दै गइरहेका छन् ।

केही हप्ता अगाडि तराईमा एक जना उपाध्यक्षको बुबा हो वा आमा कसको चाहिँ मृत्यु सत्कार उम्किनको दिनमा जुन किसिमको एउटा भेदभाव स्पष्ट जातीय बोर्ड लगाएर जुन त्यहाँ छुवाछुतलाई प्रसय दिने काम गरियो । ठिक त्यही प्रकारको घटना काठमाडौंमा पनि घटेको कुरा सञ्चार माध्यमहरूबाट आएका छन् ।

एक जना कुनै अमुख व्यक्तिको ८४ उसमा त्यहाँ चाहिँ बाजा बजाउन बोलाइयो र बाजा बजाउने कार्यक्रम भइसकेपछि त्यहाँ जब खानपिनको अवस्था आयो त्यो समयमा उनीहरूमाथि त्यही प्रकारको भेदभाव गरियो । र ती कुराहरू पनि पत्रिकामा आएका छन् । यसरी दिनानुदिन छुवाछुतका घटनाहरू बढ्दै जानुको पछाडि हाम्रो संविधान र कानुन क्रियाशील रहेको छैन भन्ने त्यो प्रमाण हो भन्ने कुराको म बुझ्दछु । र सरकारले आफुले गरेका बाचाहरू संविधानमा लेखिएका बुँदाहरू र त्यसलाई कार्यान्वयन गर्न बनेका ऐनहरू तदारूकताका साथ व्यवहारमा लागु गर्न लागि आवश्यक सञ्जाल निर्माण गरेर कुन विधि र प्रक्रियाबाट त्यसलाई चाँडोभन्दा चाँडो समाजमा लागु गर्न सकिन्छ । र आम उत्पीडित दलित समुदायलाई अनुभूत हुने गरेर त्यसको चाहिँनी कार्यान्वयन गर्न सकिन्छ भन्ने कुरामा सरकारलाई तत्काल त्यतापट्टि चाहिँ ध्यानआकर्षण गर्न चाहन्छु । म सम्माननीय अध्यक्ष महोदयमार्फत ।

अब यो संविधान र कानुनमा जे जति कुराहरू अहिले आएका छन् । वास्तवमा दलित समुदायको मुक्तिको लागि ती पर्याप्त छैनन् । अझ कतिपय हक र अधिकारहरू लेखिनुपर्ने पाउनुपर्ने र उनीहरूले आशा गरेका कुराहरू बाँकी नै छन् । तर मैले भर्खरै यहाँ सुनें केही समयअगाडि यही रोष्ट्रममा माननीय एक जना माननीयजीले बोलेर जानु भो' संविधानमा दलितहरूको हक र दलितहरूले पाउनुपर्ने हक, अधिकार र कर्तव्य भन्ने शब्द नै हटाउनुपर्यो भनेर उहाँले राख्नुभो' । अब त्यो शब्द हटाएर । दलित शब्द राखिएको कारणले यो समाजमा भेदभाव भएको हो? वा हिन्दु ब्राह्मणवादी चिन्तन र मनोविज्ञानको कारणले समाजमा भेदभाव चाहिँ कायम रहेको हो? त्यो कुरामा हामी प्रष्ट हुनुपर्छ कि भन्ने मलाई लाग्छ । यदि दलित शब्द प्रयोग गरेको हुनाले नै दलित भएको हो भने भोलिबाट दलित नबनौं । तपाईंलाई चाहिँनी

दलित शब्द नराख्दैमा कसैले नचिनेको ठाउँमा तपाईंलाई समानताको व्यवहार हुन सक्ला तर तपाईंको गाउँमा दलित नभन्दैमा पनि फलानो दलित यसको बाउ, बाजे दलित थिए भनेर तपाईंमाथि उत्पीडन, भेदभाव त हुन्छ त? त्यसैले यो शब्द हटाउँदैमा नियममा संविधानमा उल्लेख नगर्दिदाँ यहाँ छुवाछुत समाजबाट हट्ने होइन । उहाँले क्रान्तिकारी कुरा गरेर जानुभो' कुरा सम्यवादको गर्नुभो' वर्ण व्यवस्थाको अन्त्य गर्ने पनि कुरा गर्नुभो' आजीवन कारावासको कुरा गर्नुभो' त्यो आजीवन कारावास गराउन पनि त कुनै कानुन त चाहिन्छ होला? कहीँ उल्लेख त गर्नुपर्छ होला?

त्यसकारणले म यो सम्माननीय सदनमार्फत के अनुरोध गर्छु भने अहिलेको हकमा बनेका कानुनहरूलाई कसरी उत्पीडित समुदाय दलित समुदायले महसुस गर्ने गरेर त्यसलाई चाहिँनी लागु गर्ने त्यस खालको सञ्जाल तयार पारौं । त्यस खालको नीति, नियम, ऐनहरूमा त्रुटि छ त्यो बनाऊँ । र यसलाई छिटोभन्दा छिटो समाजमा सामाजिक जुन जकडिएको मनोविज्ञान छ यो मनस्थितिलाई बदल्नको लागि हामीले तदारुकताका साथ कदम चालिएन भने यहीँ हिन्दु ब्राह्मणहरूले चाहिँ आज सम्पूर्ण दलितहरू, जनजातिहरू सबै क्रिस्चियन भए भनेर रुने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय जगप्रसाद शर्मा ।

(१५:१६ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, शिक्षालगायत एकाध समसामयिक विषयमा आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । तर सन्दर्भ चितवनमा निर्माणाधीन क्रिकेट रङ्गशालाबाट सुरु गर्छु । नेपालमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट खेलमैदान आवश्यक छ भन्ने सन्देश हालैको आईसीसी विश्वकप लिगले पनि देखाएको छ । यसै सन्दर्भमा भरतपुरमा धुर्मुस सुन्तली फाउन्डेशनद्वारा निर्माणाधीन अन्तराष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणको काममा देखिएका व्यवधानहरूको अन्त्य गर्दै गेमचेन्जर परियोजनाको रूपमा रहन सक्ने सो रंगशाला निर्माणको पूर्णस्वामित्व र अपनत्व आफैं वा भरतपुर महानगरपालिकाले लिने गरी निर्णय गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्दछु ।

(१५:१८ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- राज्यले गर्नुपर्ने काम व्यक्ति अग्रसर हुनु राम्रो हो । तर कोभिड महामारीलगायतका परिस्थितिले सकिएन । सरकारले नै गरोस् हेरोस् भन्दा सरकारले सुन्नुपर्दछ । गम्भीर हुनुपर्दछ ।

अध्यक्ष महोदय, नेपालको शिक्षाको अवस्था नाजुक छ । विद्यालय शिक्षामा वोर्डिङ स्कुलको प्रवेशले कैयौं सरकारी विद्यालयहरू ध्वस्त भए, हुँदै छन् । यसै गरी उच्च शिक्षामा निजी कलेजको प्रवेशले सरकारी कलेजहरू सुनसान छन् । निजी स्कूल, कलेजले आफु खुशी शूल्क बढाउँछन । तर सरकारी संयन्त्र उदासीन भन्ने समचार सधैं सुनिन्छ, सधैं पढिन्छ शासन व्यवस्थामा बसेकाहरू शिक्षालगायतका विषयमा, सेक्टरमा मन्त्री भएकाहरू सरकारी स्कुल, सरकारी कलेज त सुध्रिँदैनन् । त्रिभुवन विश्वविद्यालयलाई त सुधार्न त झनै गाह्रो छ, भन्दैछन् । समाजवादको चर्को वकालत गर्नेहरूले नै शिक्षामा निजीकरणको पृष्टपोषण गर्दै छन । र यसमा आफ्नो लगानी बढाउँदै छन् । सरकारी स्कुल, कलेज, सरकारी विश्वविद्यालय, धरासायी बनाउन उनीहरूले नै सहयोग गर्दै छन् । शिक्षामा यो समस्या टड्कारो रूपमा त छँदै छ । तर अहिले यो भन्दा पनि ठूलो समस्याको रूपमा रहेको अध्यक्ष महोदय, नेपालमा विद्यार्थीहरू बस्नै छाडे । पढ्नै छाडे । ब्याचलर र मास्टर डिग्री गरेका विद्यार्थीहरूको त कुरै छाडौं प्लस टु गर्नेबित्तिकै विद्यार्थीहरू बाहिरन थाले । गाँउघरका स्कुल कलेजहरू त सुनसान छँदै छन् । तर अहिले त सहर बजारका नाम चलेका निजी कलेजमा पनि विद्यार्थीको सङ्ख्या अस्वाभाविक किसिमले घटिरहेको छ । विद्यालयपछिको विदाई कार्यक्रममा नै विद्यार्थीहरूले वैदेशिक यात्रा, वैदेशिक शिक्षा सफल होस् भनेर लेख्न थाले, बोल्न थाले । नेपालमा नै बसेर राम्रो गर्ने विद्यार्थीहरू र स्कूल, कलेजमा राम्रो पढाउने शिक्षक, प्राध्यापकहरू पनि विदेशतिरै जान थाले । विदेश अध्ययनमा ७ महिनामा नै बाहिरियो रू. ४४ अरब र यसै अवधिमा ७२ हजार विद्यार्थीले विदेश जान No Objective letter लिए भन्ने समाचार आजकै कान्तिपुर दैनिकमा ब्यानर न्यूजमै प्रकाशित छ । तर यस विषयमा सरकार संवेदनशील छैन ।

अध्यक्ष महोदय, हामीले शिक्षालाई रोजगारी र आयसँग जोडन सकेनौं । विद्यार्थीलाई ज्ञान र सिपसहितको क्षमतावान बनाउन सकेनौं । नेपालमा एम.ए. पिएचडी गरेर पनि रोजगारी पाइँदैन । बरु जति भौतारिए पनि विदेशमा रोजेको, खोजेको शिक्षा पाइन्छ । रोजगारी पाइन्छ भन्ने भावना विद्यार्थी र अभिभावक दुवैमा छ । नेपालको शिक्षाप्रति विद्यार्थीमा विश्वास र भरोसा नै छैन । सरकार पनि उदासीन छ । कुनै मतलव नै छैन । शिक्षा क्षेत्र राजनीतिका कारणले धेरै गिजोलियो । दल विशेषमा भागवण्डालगायतको संस्कृतिले पनि शिक्ष क्षेत्र तहसनहस भयो । तहसनहस पारिँदै छ । शिक्षामा अर्को समस्याको रूपमा, स्कुल, कलेजमा योग्य शिक्षक,

प्राध्यापक पनि पाउन मुस्किल छ । शिक्षा मात्र हैन । वास्तवमा कुनै पनि क्षेत्रमा राम्रो जनशक्ति नै नपाउने स्थितिसमेत छ ।

अध्यक्ष महोदय, शिक्षा क्षेत्र सुधार गर्नमा हामी गम्भीर बनौं । आगामी एक दशक २०७० देखि २०८० सम्म शिक्षा दशकको रूपमा एक दशक दश वर्ष शिक्षा दशकको रूपमा अभियान चलाऔं । विद्यार्थीले रोजेको र खोजेको शिक्षा दिऔं । शिक्षालाई रोजगारी र उत्पादनसँग जोडौं । उधोग कलकारखानाहरूमा लगानी गर्ने वातावरण निर्माण गरौं । बन्द भएका उधोगहरू सञ्चालन गरौं ।

अध्यक्ष महोदय, यत्रो शासन व्यवस्था परिवर्तन हुँदा पनि सुशासनको अनुभूति भएन । घुसविना राज्यका अधिकाङ्श निकायमा सेवाग्राहीको काम नै हुँदैन भन्ने व्यापक गुनासो छ । ढिलासुस्तीको त कुरै गरौं । कहिलेकाहीं सिंहदरबारभित्रकै एउटा मन्त्रालयको फाइल अर्को मन्त्रालय पुग्न हप्तौं लाग्छ । अहिले नेपालको अर्थतन्त्र Stagflation, Stagflation भनेको मन्दी र मुद्रास्फिति भन्छौं हामीले को स्थितिमा पुग्न लागेको छ । (मैले सक्नलागे अध्यक्ष महोदय) बजारमा लगानी गर्नुपर्ने पैसा घुस्याहा कर्मचारी, घुस्याहा नेता र दलाल, बिचौलियाहरूले लुकाएर राख्दा पनि stagflation समस्या आउने विज्ञको धारण छ । मेरो अनुरोध छ रु पाँच सय र एक हजारको नोट बन्द गरौं, हवस्त धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय जगप्रसाद शर्मा । समय ८ मिनेट ।

(१५:२२ बजे) <u>**माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)**</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू आजको विशेष समयमा म दुई तीनटा विषयहरूमा केन्द्रित भएर आफ्ना धारणाहरू राख्न चाहन्छु ।

सबभन्दा पहिला यो वर्ष निर्वाचनको वर्ष बन्यो । किनकि स्थानीयदेखि राष्ट्रपतिको चुनाव हुँदा धेरैओटा चुनावहरू हामीले गरेर आयौं । हालसालै सम्पन्न भएको राष्ट्रपति र उपराष्ट्रपतिको चुनावमा रामचन्द्र पौडेल र राम साहय प्रसाद यादव निर्वाचित हुनुभयो । सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल र राम साहय प्रसाद यादवलाई म हार्दिक बधाई दिन चाहन्छु र वहाँहरूको कार्यकाल जन चाहाना । संविधानको भाव र स्परिडअनुरूप सफल होस् भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यतिखेर सरकार विस्तार पूर्णताको प्रक्रियामा छ । निश्चय पनि यो सरकार शान्ति प्रक्रियाको अभिभारा टुङ्गो लगाउने समृद्धिको अभियानलाई तीव्रतामा अगाडि बढाउने सुशासन सदाचारलाई व्यवस्थित ढङ्गले अगाडि बढाउने उद्देश्यका साथ अगाडि आएको छ । म आशा एवम् विश्वास व्यक्त गर्न चाहन्छु अहिले बन्ने यो आरोह अवरोहका बिचमा पनि बनेको यो सरकारले यी कार्यभारहरू पूरा गर्ने कुरामा म विश्वास व्यक्त गर्न चाहन्छु ।

मुख्य कुरा अहिले शान्ति प्रक्रियाको कुरा जो छ । म यसमा केन्द्रित भएर मेरो आफ्नो कुराहरू राख्न चाहन्छु । निश्चय पनि शान्ति प्रक्रियासँग जोडिएको विषय यो वर्तमान सरकारले केही २/३ ओटा निर्णयहरू यो बिचमा केही हप्ता यता दुई तीनटा निर्णयहरू गर्‍यो । जो निर्णय गरिसकेपछि यसको स्वागत गर्ने यसको सम्मान गर्ने र यसलाई एउटा सम्मान गरेर जाने एउटा प्रक्रियाको सुरुआत भएको छ । एकातिर अर्कोतिर कतिपय कुरा नबुझेर या राजनीतिक आग्रह र पूर्वाग्रह राखेर यसलाई गिजोल्ने यसका विरुद्धमा एउटा भ्रम विभ्रम खडा गर्ने विभ्रम पैदा गर्ने स्थिति पनि पैदा भा'को हामीले पाइराखेका छौं विभिन्न सामाजिक सञ्जाल सञ्चार मिडिया कतिपय राजनीतिक नेतृत्वहरूले पनि जानीजानी बुझीबुझी बुझ पचाएर यो क्रियाकलापमा संलग्न भैराखेको पनि देख्न सकिन्छ र बुझ्न सकिन्छ ।

खास गरी एउटा गत फागुन १ गतेलाई जनयुद्ध दिवस भनेर जो सरकारले निर्णय गर्‍यो एउटा यो अर्को ०५२ देखि ०६२ सम्म ऐतिहासिक महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनमा साहदत प्राप्त गर्ने सहिदहरूलाई राष्ट्रिय सहिदको रूपमा जुन प्रकाशित गर्ने काम भयो यो २०६५ सालमै बनेको सरकारले गरेको निर्णय जसलाई पूर्णता दिन बाँकी थियो त्यही पूर्णता दिएको हो । यसमा पनि थुप्रै चर्चा परि चर्चा अथवा विरोधका स्वरहरू जस्तो सुनिन आउँछन् र त्यसको साथसाथै तेस्रो कुरा हामी सबैलाई जस्तो थाहा छ । यो देशमा एउटा राष्ट्रिय सहमतिपछि यूएन आ'को थियो । नेपालमा जनमुक्ति सेना जो त्यसको प्रमाणीकरण गर्ने सन्दर्भमा जनमुक्ति सेनाको एउटा हिस्सा समायोजनमा जाने अर्को हिस्सा योग्य हुने त्यसले ५ लाख रुपियाँ पाएर आफ्नो जीवकोपार्जनको निमित्त बाहिर जाने एउटा हिस्सा अयोग्य युनियनकै भाषामा अयोग्य जे भनियो । त्यसको एउटा हिस्सा थियो । त्यसलाई त्यति खेरैकै निर्णय युनियनकै निर्णयअनुसार त्यसलाई २ लाख रुपियाँसहित जस्तो वहिर्गमन गराउने भन्ने निर्णय थियो । त्यो निर्णय अदालतमा मुद्दा पर्‍यो अनि त्यो रोकिएको थियो ।

अदालतले गत वर्ष सायद गत वर्ष यो फैसला गर्‍यो उनीहरूले पाउने मुद्दा जिते त्यही अदालतले गरेको निर्णयअनुरूप यो कार्यान्वयन गर्ने प्रक्रियामा सरकार अहिले अगाडि बढायो ।

यसका विरुद्ध पनि फेरि विभिन्न भ्रमहरू सिर्जना गर्ने जे कोसिस अहिले भैराखेको छ । खास गरी फागुन १ लाई जनयुद्ध मनाउने कुरा जनआन्दोलन र जनयुद्धका सहिदहरूलाई राष्ट्रिय सहिदको सूचीमा प्रकाशित गर्ने कुरा र यो बहिरगमित त्यतिखेरकै यूएनकै प्रक्रियाले अगाडि बढाएअनुरूप त्यसलाई अगाडि दिने कुरा जो थियो यसलाई सरकारले कार्यान्वयन गर्ने सवालमा जे ढङ्का हर्कतहरू क्रियाकलापहरू अहिले अगाडि आउने गरिराखेका छन् । यिनी खेदजनक छन् । किनकि यो शान्ति प्रक्रियासँग जोडेको कुरा हो । के अहिले आएर यतिखेर जनयुद्ध जनआन्दोलनको विरोध गर्नु प्रकारान्तरले यो व्यवस्थाको संविधानको विरोध हुँदैन र? किनकि ऐतिहासिक जनयुद्ध र जनआन्दोलनको जगमा १२ बुँदे सम्झौता अथवा विस्तृत शान्ति सम्झौता संविधानसभा त्यो संविधानसभाले दिएको यो संविधान अनि यो व्यवस्था भन्ने त यो अन्तरसम्बन्धित नै छ ।

यो अर्थमा अहिले सोच्दै नसोचेको कतिपय मेजर राजनीतिक पार्टीहरूको मूल नेतृत्वले पनि जस्तो यसका विरुद्धमा जाने या त्यो भावावेश या आग्रह हो या पूर्वाग्रह हो । यसले स्वाभाविक रूपमा जुन एउटा गतिमा जुन अवस्थाबाट देश राष्ट्र अगाडि बढिरहेका छ । यसलाई योगदान पुऱ्याउँछ भन्ने मलाई लाग्दैन यो अर्थमा हामीले कुनै न कुनै रूपमा होलान् आआफ्नो ठाउँमा सबै प्रक्रियाका आफ्ना आफ्ना ठाउँमा लिमिटेसन सीमा होलान् ती सीमाबाट शिक्षा सिक्ने कुरा हो । यो अर्थमा के मैले के भन्न चाहन्छु भने कि अहिलेको यो शान्ति प्रक्रियालाई टुङ्ग्याउने एउटा महत्त्वपूर्ण अभिभार बोकेर यो सरकार जसरी अगाडि आएको छ । सबै पक्षबाट आआफ्ना कमिट्मेन्ट पूरा गरेर यो शान्ति प्रक्रियालाई टुङ्ग्याएर मात्र हामी अगाडि जान सक्छौं भन्ने म विश्वास व्यक्त गर्न चाहन्छु । त्यसको साथसाथै अहिले वर्तमान बन्ने सरकारले हो केही राष्ट्र सहमति समयमा हुन नसक्दा अथवा यसमा केही ढिलोढाला हुँदा केही राजनीतिक अस्थिरता देखा पर्ने र अहिले देशमा वित्तीय सङ्कट जो छ यो वित्तीय सङ्कट केवल वित्तीय सङ्कटका कारण यो पैदा हुनुपछाडिको कारण त आत्मगत कारण पनि छ र वस्तुगत कारण पनि छ । केवल यो देशमा मात्रै समस्या पैदा भएको होइन हामीले कोरोना भोगेका छौं हामीले भूकम्प भोगेका छौं हामी अन्य प्राकृतिक प्रकोपहरू भोगेका छौं यसका कारणले पनि वित्तीय सङ्कटबाट देश राष्ट्र अगाडि गुज्रिरखेको छ । यो सबै कुरालाई मध्यनजर गर्दै हाम्रो आफ्नो अवस्था र स्थितिलाई मध्यनजर गरेर कि एउटा समृद्धिको अभियानलाई पूरा गर्ने स्पिरिडका साथ अगाडि बढिराखेको छ । यो अर्थमा जस्तो हामी सबैको आवश्यकता सबै राजनीतिक पार्टीहरूको आवश्यकता आपसी सहकार्य र एकता र समझदारीको आवश्यकता छ र योअनुरूप अगाडि बदोस् भन्ने म व्यक्त गर्न चाहन्छु ।

र त्यसको साथसाथै अर्को कुराः के राख्न चाहन्छु भने कि भर्खरै यो राष्ट्रिय सभाबाट भर्खरै एउटा सङ्कल्प प्रस्ताव पारित भएको छ केही समयअगाडि संघीयता कार्यान्वयनसम्बन्धीको एउटा प्रस्ताव र हालसालै यो छुवाछुत, जातीय छुवाछुत उन्मूलनको सङ्कल्प प्रस्ताव जो भ'को छ यो राष्ट्रिय सभाको एउटा पुँजी हो जसले सहकार्य सहमति र एकताको सन्देश दिएको छ स्वाभाविक रूपमा यस्ता महत्त्वपूर्ण सवालहरूमा यस्तै सहकार्य सहमति र एकताबाट अगाडि जानुपर्ने एउटा आवश्यकता पनि छ । यो उदाहरण राष्ट्रिय सभाबाट अगाडि बढेको छ । म यसका निम्ति सम्माननीय अध्यक्षलाई हार्दिक धन्यवाद पनि व्यक्त गर्न चाहन्छु । र मेरो आफ्नो कुरा यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१५:३० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, सरकारी एवम् सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम, अति विशिष्ट तथा विशिष्ट पदाधिकारीलाई गरिने सम्बोधन तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग र अतिविशिष्ट तथा विशिष्ट व्यक्तिलाई सम्मान प्रकट गर्ने, सलामी दिनेलगायतका विषयहरू समावेश गरी राष्ट्रिय सभामा गैरसरकारी विधेयकको रूपमा माननीय गोपी बहादुर सार्की आछामी, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय देवेन्द्र दाहाल, माननीय प्रकाश पन्थ, माननीय प्रमिला कुमारी, माननीय डा. बेदुराम भुसाल, माननीय रमेशजंग रायमाझी र माननीय शेखर कुमार सिंहले संयुक्त रूपमा "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" दर्ता गर्नुभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदछु । अब म विधेयक प्रस्तुतकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

(१५:३२ बजे) **<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सरकारी एवम् सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम, अतिविशिष्ट तथा विशिष्ट

पदाधिकारीलाई गरिने सम्बोधन अतिविशिष्ट तथा विशिष्ट व्यक्तिलाई गरिने सम्मान र राष्ट्रिय झण्डा तथा राष्ट्रिय गानको प्रयोगजस्ता अत्यन्त महत्त्वपूर्ण विषयहरूलाई नियमन गर्ने या व्यवस्थापन गर्ने कुनै कानुन हाम्रो मुलुकमा अहिलेसम्म छैन । हामीले पाएनौं । यी सबै विषयहरू एकदमै महत्त्वपूर्ण छन् र अन्तरसम्बन्धित पनि छन् । तर यी सबै विषयहरूको नियमन या व्यवस्थापन निर्देशिका नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र गृह मन्त्रालयले राजपत्रमा प्रकाशित गर्ने सूचनाका आधारमा गर्ने गरिएको छ ।

यो विधिको शासन भनेर जुन हामीले भनिरहेका छौं । जुन व्यवस्था हामीले अहिले सञ्चालन गरेका छौं । यो विधिको व्यवस्थामा यसको कतिको उचित हो भन्ने हिसाबले हेर्दा यो चाहिँ त्यति उचित देखिएन । र यी सबै विषयहरूलाई उल्लेखित विषयहरूलाई एउटा एकीकृत कानुनको माध्यमबाट नियमन गर्न सकियो भने या व्यवस्थापन गर्न सकियो भने उचित हुने देखियो । त्यसैले राष्ट्रिय सभामा रहेका सबै राजनीतिक दलहरूका नेताहरूसहित माननीयहरू हामीले छलफल गर्यौं । र एउटा विधेयक गैरसरकारी विधेयककै रूपमा हामीले अगाडि बढाउन आवश्यक रहेछ । सरकारले हामीले बेला बखतमा अनुरोध गर्दा पनि तदारुकताका साथ विधेयक प्रस्तुत नगर्ने अवस्था हामीले बेहोरीनै रहेका छौं । यस्तो अवस्थामा हामीले नै यो विधेयकलाई गैरसरकारी विधेयकको रूपमा अगाडि बढाऊँ भन्ने सम्झदारिका साथ यो विधेयक राष्ट्रिय सभामा प्रस्तुत गरिएको बेहोरा म अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१५:३४ बजे) सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ३ बजेर ५१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ३ बजेर ५१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १५:३५ बजे ।**